मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा गृहमन्त्रीको चासो | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ५८ • २०७९ साल साउन १ गते आइतबार (17 July, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रचण्डले आज प्रधानमन्त्री मोदीलाई भेटने

**टुडे समाचारदाता**

जनकपुरधाम ।पूर्व प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आइतबार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसित भेटने छन् ।

भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा)का अध्यक्ष जेपी नड्डाको निम्तोमा शुक्रबार नयाँदिल्ली पुगेका दाहालले मध्यान्ह प्रधानमन्त्री मोदीसित भेट वार्ता गर्ने कार्यक्रम रहेको छ ।

त्यस अघि उनी भाजपाको मुख्यालयमा अध्यक्ष जेपी नड्डासित भेटवार्ता गर्ने छन् ।आइतबार बिहान ११ बजे नड्डासित प्रचण्डले भेट्ने छन् ।

प्रचण्डको सम्मानमा अध्यक्ष नड्डाले पार्टी कार्यालयमा दिवा भोजको आयोजना गर्ने छन् ।त्यसपछि प्रचण्डले प्रधानमन्त्री मोदीसित भेटने कार्यक्रम निर्धारण गरिएको छ ।प्रचण्ड र मोदीबीच लामो अन्तरालपछि भेटवार्ता हुन लागेको छ ।

प्रचण्ड शनिबार बिहानैदेखि भेटघाटमा व्यस्त थिए ।उनी विदेशमन्त्री एस.जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग भेटेका छन् ।

बिहान विदेशमन्त्री जयशंकरको निवासमा नै पुगेर प्रचण्डले भेटवार्ता



गरेका थिए ।भेटको क्रममा उर्जा लगायतका विषयमा समेत छलफल भएको बताइएको छ ।

विदेश मन्त्री जयशंकरले भेटपछि गरेको ट्विटमा दाहालसँगको भेट फलदायी भएको बताएका छन् । भाजपा अध्यक्ष जेपी नड्डाको निम्तोमा भारत भ्रमणमा रहेका दाहाललाई स्वागत गर्न पाउँदा खुसी लागेको उनले ट्विटरमा लेखेका छन् । 'छिमेकी पहिलो' नीतिलाई भारतले प्राथमिकता दिएको भन्दै उनले नेपालको विकास र समृद्धिको चाहनामा भारत सधैं साझेदार रहेको उल्लेख गरेका छन् ।भेटमा दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा कुरा भएको प्रचण्डले प्रतिक्रिया जनाए ।

दिउँसो ३ बजे दाहालले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार डोभाललाई उनकै निवासमा भेट गरे ।भारतमा डोभाल अत्यन्त शक्तिशाली मानिन्छन् ।भारतको सुरक्षा लगायत छिमेकी देशहरुसितको सम्बन्धका बारेमा समेत उनी चासो राख्ने गरेका छन् ।

भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवालले प्रचण्डको सम्मानमा रात्रि भोजको आयोजना गरेका थिए ।रात्रि भोजमा डा.आरजु पनि सहभागी भएकी थिइन् ।चौथाइवाललाई डा.आरजुले राखी बाँधने भाई बनाएकी छन् ।चौथाइवाल र आरजुबीचको 'भाईबहिन' सम्बन्धले सत्तारुढ भाजपा र नेपाली कांग्रेसबीचको सम्बन्ध समेत सुमधुर बनेको छ ।

उच्चस्तरीय चिनियाँ डेलिगेशन नेपाल आए लगतै प्रचण्डको भारत भ्रमणलाई नेपाली राजनीतिमा अत्यन्त महत्वका साथ हेरिएको छ ।प्रचण्ड चिनतिर बढी ढल्केका नेताहरु मध्येका हुन् ।

नेपाली दूतावासले आयोजना गरेको 'ब्रेक फास्ट' बैठकमा दाहाल र नेपाली कांग्रेसकी नेतृ प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी डा.आरजु देउवाको भेटघाट भएको थियो । केही दिनदेखि स्वास्थ्य उपचारका लागि आरजु दिल्लीमा छिन् । अखिल भारत नेपाली एकता मञ्चले आयोजना गरेको प्रवासी नेपालीहरुसँगको अन्तरक्रियामा प्रचण्ड सहभागी भएका थिए ।

दिल्ली आएलगत्तै शुक्रबार साँझ विदेश सचिव विनयमोहन क्वात्राले दाहालसँग भेट गरेका थिए । दाहालले सबै भेटमा आफूले नेपाल-भारतबीच उर्जाको व्यापार सम्भावना, विवादहरुको कूटनीतिक समाधान लगायत विषयमा छलफल गरिरहेको बताउँदै आइतबारको भेटवार्ताको प्रमुख विषयहरु यिनै रहने सञ्चारकर्मीहरुलाई दिएको संक्षिप्त प्रतिक्रियामा जनाए ।

नेपालमा प्रचण्ड पनि सत्ता गठबन्धनका प्रमुख साझेदार हुन् ।पाँच दलीय गठबन्धनमा नेपाली कांग्रेसपछिमाओवादी केन्द्र नै हो ।पाँच दलीय गठबन्धनको निरन्तरता भारतको समेत चाहना रहेको बताइन्छ ।संसद विघटनको समयमा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई सघाएको भारतले अहिले नीति फेरेको छ ।

## बक्यौता भुक्तानीका लागि कानून बनाउन निर्देशन

### कृषि सचिव कारवाहीमा पर्ने, रकम यकिन हुन बाँकी

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेश सरकारले असार २५ गते सम्म भुक्तानी गर्न नसकेको बक्यौता रकम भुक्तानीका लागि कानून बनाउनु पर्ने भएको छ ।

प्रदेश सभाको शनिबार बसेको बैठकमा सत्तारुढ जनता समाजवादी पार्टी(जसपा)का प्रमुख सचेतक शैलेन्द्र यादवले दर्ता गराएका जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल भएको छ ।

प्रस्तावमाथि छलफलमा भाग लिएका सभासदहरुले बक्यौता धेरै रहेकाले सरकार भुक्तानीका लागि तत्काल व्यवस्था मिलाउन जोड दिए ।सरकारकै सहमतिमा सो प्रस्ताव प्रदेश सभामा दर्ता गरिएको हो ।

बैठकमा अर्थ मन्त्री शैलेन्द्र साहले बक्यौता रकम भुक्तानीमा संघीय सरकारको गलत नीति प्रमुख कारण रहेको बताए ।'अचानक सूचनाजारी गरी २५ गते नै भुक्तानीको प्रक्रिया रोकिएकाले बक्यौता धेरै रहेको छ ' उनले भने, २५ गते सर्भर डाउन रहेको, खुलेको बखत पनि अत्यन्त ढिला काम गरेकाले भुक्तानी हुन सकेन् ।

मन्त्री साहले भुक्तानी हुन समस्या आउनुमा कर्मचारीहरु पनि दोषी रहेको बताए ।कर्मचारीहरुको ढिलासुस्तीको कारण समयमै सम्पन्न भइसकेका योजनाहरुको समेत भुक्तानी हुन नसकेको उनले स्वीकारे ।

अर्थमन्त्रीको जवाफ पछि सभामुखले बक्यौता रकम भुक्तानीका लागि कानून बनाउन निर्देशन दिए ।'प्रदेश सभाले सोझै भुक्तानी सम्बन्धी निर्णय गर्न सक्ने निकाय होइन्' उनले भने, सरकारले पहिले कानून बनाएर प्रक्रियालाई अगाडि बढाउनु पर्छ ।

असार मसान्तको अन्त्यमा भुक्तानी अनिवार्य रुपमा गर्नु पर्ने भएको तर कर्मचारीहरु अनुपस्थित रहने र ढिलासुस्ती गर्ने प्रवृतिले भुक्तानीमा समस्या आएकोछ ।भुक्तानीका

**असार मसान्तको अन्त्यमा भुक्तानी अनिवार्य रुपमा गर्नु पर्ने भएको तर कर्मचारीहरु अनुपस्थित रहने र ढिलासुस्ती गर्ने प्रवृतिले भुक्तानीमा समस्या आएकोछ ।भुक्तानीका लागि रितपूर्वकको कागजात समयमै आए पनि भुक्तानी नगरेका कर्मचारीहरुलाई कारवाही गर्न सभामुख सरोज कुमार यादवले निर्देशन दिए ।**

लागि रितपूर्वकको कागजात समयमै आए पनि भुक्तानी नगरेका कर्मचारीहरुलाई कारवाही गर्न सभामुख सरोज कुमार यादवले निर्देशन दिए ।

प्रदेश सरकारले कर्मचारीहरुको लापरबाहीले समयमा भुक्तानी हुन नसकेको प्रदेश सभा बैठकमा जवाफ दिएको हो ।कारवाहीको सूचीमा पहिलो नम्बरमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव नम्रता सिंहलाई राखिएको छ ।

उनी असारको २२ गते भारतको भ्रमणमा गएको कारण समयमै भुक्तानी हुन नसकेको आरोप छ ।सो मन्त्रालयले २२ करोड भुक्तानी गर्न बाँकी रहेको बताइएको छ ।यद्यपि यो संख्या यकिन भइसकेको छैन् ।

प्रदेश सरकारले बनाएको प्रदेश निजामती कर्मचारी ऐन अनुसार कारवाही गर्न सक्ने प्रावधान छ ।तर हाल सम्म प्रदेश सरकारले कुनै कर्मचारीलाई कारवाही भने गरेको छैन् ।सचिवलाई कारवाही गर्नुपर्ने अवस्था आए प्रदेश सरकारले पत्र लेखेर संघीय सरकारलाई फिर्ता पठाउन सक्छ ।

सभामुख यादवले भुक्तानी दिन बाँकी रहेको रकम, योजना र त्यसको अवस्थाबारे यकिन गर्न पनि सरकारलाई निर्देशन दिएको छ ।झण्डै २ अर्ब भुक्तानी गर्न बाँकी रहेको बताइए पनि बक्यौता रकमको यकिन भइसकेको छैन् ।

यो तीनवटा प्रक्रिया पुरा गरेपछि मात्र भुक्तानीको बाटो खुल्ने संभावना बन्न सक्छ ।असार २५ गते मध्यराति संघीय सरकारको भुक्तानी प्रणाली बन्द भएपछि स्थानीय निकायहरुले समेत धेरै रकम भुक्तानी गर्न बाँकी रहेको छ ।

भुक्तानी हुन नसके पनि रकम फ्रिज भइसकेकाले मधेश सरकार कानून बनाएर चालु आर्थिक वर्षको अबण्डा बजेटबाट भुक्तानी गर्न सकिने बताइएको छ ।तर कर्मचारीमाथि कारवाही गरिनुपर्ने भएकाले प्रक्रिया जटिल देखिन्छ ।

## प्रहरीमा मुद्दाको 'डिल' होटेलबाट

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाको मुद्दा फाँटको 'डिल' होटेलबाट हुने गरेको खुलेको छ ।मुद्दा फाँटका असई(सहायक प्रहरी निरीक्षक) वीरेन्द्र यादवले हरेक साँझ

**सिरहामा रहँदा समेत असुलीमा लागेको आरोप लागेको थियो ।धनुषामा आएदेखि झण्डै डेढ वर्षदेखि उनी मुद्दा शाखामा नै छन् ।एउटै शाखामा लामो समयदेखि बसेकाले उनी केही स्थानीय बिचौलियाहरु समेत परिचालन गरेका छन् ।**

होटेलमा बियरको चुस्कीसँगै मुद्दाको 'डिल' गरेको बताइन्छ ।

मुद्दा फाँटमा कार्यरत्त असई यादवले मुद्दाका पक्ष र विपक्ष मध्ये 'माल आउने' पक्षलाई धम्काएर असुली गर्ने र कुरा नमिले घर सम्मै प्रहरी पठाउने, आफै पुगेर धम्की दिने गरेको आरोप लागेको छ ।

यादवले आफू एलएलबी गरेकाले कानून सम्बन्धी सम्पूर्ण जानकारी रहेको बताउँदै धम्काउने गरेका छन् ।यसका लागि उनले बिचौलिया समेत राखेका छन् ।मोबाइलमा मुद्दाको मुख्य बुँदाहरुको फोटो खिंचेर होटेलमा क्लाइन्टसित मोलजोल गर्ने र कुरा मिलेपछि त्यसै अनुसार मुद्दाको प्रक्रिया अगाडि बढाउन चाँजोपाँजो मिलाउने गरेको बताइन्छ ।

सिरहामा रहँदा समेत असुलीमा लागेको आरोप लागेको थियो ।धनुषामा आएदेखि झण्डै डेढ वर्षदेखि उनी मुद्दा शाखामा नै छन् ।एउटै शाखामा लामो समयदेखि बसेकाले उनी केही स्थानीय बिचौलियाहरु समेत परिचालन गरेका छन् ।

बियर मात्र खान रुचाउने यादवले साँझ होटेलमा बसेर वारेन्टै नभएका व्यक्तिलाई समेत धम्काउने र चौकीबाट प्रहरी खटाउने गरेको आरोप लागेको छ ।

यादवको जागिर अवधि अब कमै बाँकी छ ।उनी अन्तिम समयमा राम्रै असुली गर्न हत्तारिएका छन् ।प्रहरी कार्यालयको मुद्दा शाखामा आउने पक्ष विपक्षलाई यादवले साँझ भेट्ने भन्दै होटेलमा बोलाउने गरेको बताइन्छ ।होटेलमा 'डिल' भए अनुसार यादवले मुद्दालाई सबल र कमजोर बनाउने काम गरेको बताइन्छ ।

यादवले दुवै पक्षलाई सम्पर्क गर्ने र जुन पक्षबाट रकम बढि आउने भए त्यस पक्षको हितमा काम गर्ने बताइन्छ ।केही मुद्दामा बिचौलियाहरुले पनि मोटो रकम हात पार्ने गरेका छन् ।असई यादवले आफू कानूनको समेत ज्ञाता रहेकाले भने अनुसार नै हुने विश्वास दिलाउने गरेका छन् ।

यादवको कारण कयौं निर्दोष व्यक्तिहरुले समेत दुख पाउने गरेको बताइन्छ ।यादवले रकम नआउने मुद्दामा चासो नलिने, म्याद अन्तिम सम्म नपुगे सम्म अदालतमा नपठाइने गरेका छन् ।

## मधेशमा प्याकेज दिन कांग्रेस केन्द्रीय समितिमा माग

**टुडे समाचारदाता**

काठमाण्डु ।नेपाली कांग्रेस केन्द्रीय समितिको बैठकमा मधेशमा प्याकेज दिन माग उठेको छ ।पार्टी कार्यालयमा शनिवार बसेको बैठकमा सह महामन्त्री महेन्द्र यादवले केन्द्रमा सरकार बनाउन मधेशमा विशेष प्याकेज घोषणा गर्न माग गरे ।

'मधेशमा नागरिकता सम्बन्धी ठूलो समस्यालाई समाधान गर्न कांग्रेसले अग्रसरता लिएको छ ' उनले भने, यो अत्यन्त सकारात्मक र प्रशंसनीय हो ।' 'यसलाई हार्दिक स्वागत गर्दै सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु ' उनले भने, नागरिकताको समस्याका लागि कांग्रेसको सरकारले गरेको पहलको सकारात्मक परिणाम आगामी प्रतिनिधि र प्रदेश सभाको चुनावमा देखिनेछ ।

राष्ट्रिय र प्रादेशिक राजनीतिमा कांग्रेसले अग्रता लिन मधेशमा विशेष ध्यान दिनुपर्ने उनले बताए ।'मधेशलाई विश्वासमा लिन नसकेकै कारण कांग्रेस सत्ता भन्दा बाहिर रहनु परेको थियो' यादवले भने, कांग्रेस र मधेशबीच अनोन्याश्रित सम्बन्ध रहेको बुझ्नु आवश्यक छ ।

हालै सम्पन्न स्थानीय तहको



निर्वाचनमा कांग्रेसले मधेशमा अनपेक्षित सफलता पाएको दाबी गर्दै यादवले भने, चुनाव अगावै कांग्रेसले विशेष प्याकेज घोषणा गर्न सके अनुमान गरिएको भन्दा बढी उपलब्धि मधेशमा मिल्ने छ ।

प्रतिनिधि सभामा तत्कालीन नेकपा एमालेको सरकारले दर्ता गराएको नागरिकता सम्बन्धी विधेयकमा वैवाहिक अंगीकृत नागरिकता ७ वर्ष पछि दिने प्रावधान राखिएको थियो ।यस अघि वैवाहिक अंगीकृत नागरिकता तत्कालै दिने प्रावधान रहेको थियो ।

एमालेले त्यो विधेयकमा ७ वर्षिय प्रावधानलाई हटाउन अस्वीकार गरेपछि सरकारले फिर्ता लिएर अर्को विधेयक दर्ता गराएको छ ।गृहमन्त्री बालकृष्ण खाणले दर्ता गराएको विधेयकमा नेपाली नागरिकसित विवाह गरी नेपाल आउने महिलाले विदेशी नागरिकता परित्यागको घोषणा गरेसँगै नेपालको वैवाहिक नागरिकता प्राप्त गर्ने प्रावधान राखिएको छ ।

वैवाहिक अंगीकृत नागरिकतामा रोक लगाउने विधेयककै कारण भारतमा नेपाली पुरुषको विवाह हुने क्रम निकै कम भएको थियो ।

सहमहामन्त्री यादवले देशमा सबै भन्दा बढी रेमिट्यान्स ल्याउने मधेश नै रहेकाले त्यसको विकास र रोजगारीमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।'कांग्रेसले मधेशलाई हमेशा वोट बैंक मात्र बुझ्े' उनले भने, तर अब मधेशको समस्यालाई समाधान गर्न पहल पनि गर्नुपर्ने आवश्यकता छ ।

किसानलाई समयमा मल, बीउ र सिंचाइको सुविधा नहुँदा खेतीबाट पलायन हुन थालिएको छ ।नेपाली युवाहरु विदेशमा उत्पादन बढाउने गरेकाले उनीहरुलाई देशको विकासमा लगाउन सरकारले मधेशमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

चुनावको मुखमा कांग्रेसमा गुटगत विवाद चर्केको छ ।प्रधानमन्त्री समेत रहेका सभापति शेरबहादुर देउवालाई केन्द्रीय समितिको बैठकमा असन्तुष्ट पक्ष आक्रमक रुपमा प्रस्तुत हुन थालेका छन् ।बैठकमा महामन्त्री गगन थापाले सभापति देउवाको कडा आलोचना गरे ।

असन्तुष्ट पक्षका नेता डा.शेखर कोइराला समूहले सभापति देउवालाई घेराबन्दी गर्न थालेपछि जवाफमा उनले पार्टी कार्यालय बाहिर विरोध र आलोचना नगर्न आग्रहगर्दै समयमै फोन उठाउन आग्रह गरे ।

बैठकमा पदाधिकारीहरुले धारणा राख्ने क्रम जारी रहेको छ ।अर्को बैठक आइतबार दिउँसो १ बजे बस्ने बताइएको छ ।

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY janakpur

# मलंगवामा ११ जनाले गरे रक्तदान




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामा शनिबार ११ जनाले रक्तदान गरेका छन् ।

मिथिला डेन्टल क्लिनिक मलंगवाको आयोजनामा बाल मन्दिरको प्राङ्गणमा भएको रक्तदान शिविरमा १० जना पुरुष र एक महिला गरी ११ जनाले रक्तदान गरेका हुन् । ११ जनामध्ये ८ जना सर्वसाधारण र ३ जना नेपाल प्रहरी रहेका छन् ।

संकलित रगत नेपाल रेडक्रस सोसाइटी मलंगवालाई बुझाइएको आयोजकले जनाएको छ । रक्तदान शिविरको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशलकिशोर सिंह, उपसभापति जितेन्द्र कुशवाहा, मलंगवा-८ का वडाध्यक्ष मुकेश जैसवाल, रेडक्रस मलंगवाका सभापति नागेन्द्र प्रसाद चौधरी लगायतको उपस्थिति रहेको थियो ।

मलंगवासहित दक्षिणी भेगमा रगतको माग भएपनि शिविर हुँदा रक्तदान गर्ने मानिसहरु भने निकै कम हुन्छन् । जनचेतनाको अभावमा दक्षिणी भेगमा रक्तदान गर्नेहरु निकै कम रहेका मिथिला डेन्टल क्लिनिकी डाक्टर अमृता यादवले बताइन् ।

# हिमालय एयरलाइन्सको काठमाण्डु-कुवेत उडान सुरु

काठमाण्डु । नेपालबाट अन्तर ीष्ट्रिय उडान भरिरहेको निजी क्षेत्रको हिमालय एयरलाइन्सले काठमाण्डु-कुवेत-काठमाडौं सिधा उडान सुरु गरेको छ । कम्पनीले अन्तर्राष्ट्रिय गन्तव्य विस्तार गर्दै आठौं गन्तव्यका रूपमा कुवेतमा उडान सञ्चालन गरिएको विज्ञप्तिमार्फत जनाएको छ ।

छैठौं गल्फ सिटी कुवेतका लागि हिमालय एयरलाइन्सले जुलाई १५, २०२२ मा आफ्नो पहिलो निर्धारित उडान सफलतापूर्वक सञ्चालन गरेको जनाएको छ ।

त्रभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शुक्रबार राति २२:३२ बजे प्रस्थान गरी कुवेतबाट फर्कने क्रममा शनिबार बिहान ०९:१७ बजे काठमाण्डु अवतरण गरेको थियो ।

उडान उद्घाटन कार्यक्रममा विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुर र अन्य विशेष अतिथिको उपस्थिति रहेको थियो । एअरलाइन्सले एयरबस ३२० विमानले हरेक शुक्रबार काठमाण्डुदेखि कुवेत र हरेक शनिबार कुवेतदेखि काठमाण्डु उडान सञ्चालन गर्ने जनाएको छ ।

अरबी प्रायद्वीपको देश कुवेत विशेष गरी रोजगारी र व्यापारिक उद्देश्य लिएर जाने नेपालीका लागि महत्वपूर्ण गन्तव्य हो । नेपाल र कुवेतबीच मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्ध रहेकामा हिमालय एअरलाइन्सद्वारा काठमाण्डु-कुवेत-काठमाण्डु सेक्टरको उद्घाटनले दुई राष्ट्रबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने कम्पनीको विश्वास छ ।

नेपाल र कुवेतबीच जनवरी २३, २००६ मा हवाई सेवा सम्झौता भएको थियो । हिमालय एयरलाइन्स काठमाण्डुलाई कुवेतसँग सिधा जोड्ने नेपालको पहिलो वायुसेवा कम्पनी भएको कम्पनीले जनाएको छ ।

# सशस्त्रको आफ्नै भवन



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएका दुईवटा बोर्डर आउट पोष्ट (बीओपी) भवनको उद्घाटन गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपालले जिल्लाको विष्णु गाउँपालिकास्थित सीमरा र बारा उद्योरणमा निर्माण गरेको बीओपी भवनको उद्घाटन गरिएको हो । भवनको सशस्त्र प्रहरी बल नेपाल नम्बर-२ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवासका प्रमुख एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) गणेश ठाडा मगरले उद्घाटन गरेको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक भरत खनियाँले जानकारी दिए ।

सशस्त्र प्रहरी उपरीक्षक खनियाँका अनुसार करिव दुवै स्थानमा करिव दुई करोड रुपैयाँ लागतमा बीओपी भवनको निर्माण गरिएको हो । यसअघि आफ्नै भवन नहुँदा बीओपी सीमरा छोटी भन्सार कार्यालयको भवनमा र बीओपी बाराउद्योरण वडा कार्यालयको भवनबाट सञ्चालन हुँदै आएका थिए ।

अब भने आफ्नै भवन भएपछि सहज भएको सशस्त्र प्रहरी उपरीक्षक खनियाँले बताए ।

भवनको उद्घाटन गर्दै सशस्त्र प्रहरी नायब उपरीक्षक ठाडा मगरले सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणसँगै अन्य जिम्मेवारीका इमान्दारिताका साथ निर्वाह गर्न निर्देशन दिए ।

भवन उद्घाटन कार्यक्रममा गोडैता नगरपालिकाका नगरप्रमुख देवेन्द्र यादव, विष्णु गाउँपालिकाका अध्यक्ष जवाहरलाल यादव, प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, विभिन्न सुरक्षा निकायका प्रमुखलगायतको उपस्थिति रहेको थियो ।

# दुई अर्ब २० करोड ६४ लाख ९५ हजारको बजेट प्रस्तुत



**टुडे समाचारदाता**

कलैया । आगामी आर्थिक वर्ष ०७९/०८० का लागि जीतपुरसिमरा उप-महानगरपालिले दुई अर्ब २० करोड ६४ लाख ९५ हजारको बजेट प्रस्तुत गरेको छ ।

नगरसभामा बजेट प्रस्तुत गर्दे उपप्रमुख अधिकारीले आगामी आर्थिक वर्षका लागि दुई अर्ब २० करोड ६४ लाख ९५ हजार बजेट प्रस्तुत गरिएको बताए ।

बजेटमा आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण भूसंरक्षण तथा विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा सुशासनलाई विशेष प्राथमिकतामा राखिएको छे ।

बजेट प्रस्तुत गर्नुअघि जीतपुर सिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

# घरभित्रै जलेको शव भेटियो

भक्तपुर । चाँगुनारायण नगरपालिका-२ दुवाकोट फक्सिङटार बस्ने ८४ वर्षीय जगतप्रसाद शिल्पकारको शव जलेको अवस्थामा फेला परेको छ ।

आफ्नै घरको भुइँतलाको कोठामा कम्मरदेखि माथिको भाग जलेर मृत्यु भइरहेको अवस्थामा शव भेटिएको भक्तपुर महानगरीय प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिनुभयो ।

प्रहरीले घटनास्थलको प्रारम्भिक अनुसन्धान गरी शवपरीक्षणका लागि काठमाडौं मेडिकल कलेज पठाएर घटनाबारे थप अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो ।रासस

# वाम एकतामा आउन ओलीको आग्रह

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपालका कम्युनिष्ट पार्टीहरूलाई वामपन्थी एकतामा आउन आग्रह गर्नुभएको छ ।

नेपाल-चीन हिमालयमैत्री समाजले आज यहाँ आयोजना गरेको 'नेपालको भूराजनीतिक अवस्था : चुनौती र अबको बाटो' विषयक कार्यक्रममा उहाँले वामपन्थीहरू एक हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष ओलीले भन्नुभयो, "वामपन्थी कोही हुनुहुन्छ भने गठबन्धन छाड्नुहोस्, वाम एकता गरौं ।' उहाँले देश, राष्ट्रियता, लोकतन्त्र, स्वाधिनताका लागि वामपन्थी मिल्नुपर्ने बताउनुभयो । पूर्वप्रधानमन्त्री ओलीले मुलुकको आधारभूत मूल्य मान्यता राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र, सुशासन र मुलुकको विकासका लागि सबै दल मिल्नुपर्ने भनाइ राख्नुभयो । उहाँले चीन र भारतसँग नेपालले सुमुधुर सम्बन्ध राख्नुपर्नेमा जोड दिनुभयो । नेता ओलीले आफ्नो मनमा नेपालसँगै मुलुकको स्वाभिमान, स्वतन्त्रता र नेपाली जनताको उन्नति प्रगतिबाहेक अरु केही नभएको प्रष्टिकरण दिनुभयो ।

नेकपा (माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठले वामपन्थी शक्ति एकता भए मात्र मुलुकको स्वाधिनताको रक्षा हुने भन्दै सबैले एकताका लागि पहल लिनुपर्ने बताउनुभयो । उहाँले पार्टी एकता तत्काल नभए पनि मोर्चा वा गठबन्धन गर्नुपर्नेमा जोड दिनुभयो ।

हामी वामपन्थी दल एकले अर्कालाई सिध्याउने नाममा आफैं सिद्धिँदै छौं', उहाँले भन्नुभयो, "वामपन्थी आन्दोलन सकियो भने मुलुक कमजोर हुन्छ ।' नेता श्रेष्ठले मुलुकको असंलग्न परराष्ट्र नीति, कूटनीतिक मामिलामा सबै दलको एक नीति हुनुपर्नेमा जोड दिनुभयो । "परराष्ट्र नीतिमा दलबीच सहमति कायम गर्न सक्यो भने कसैले पनि कमजोर पार्न सक्दैन', उहाँले भन्नुभयो ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले भूराजनीतिक अवस्थाले नेपालको उपस्थिति कमजोर हुँदै गएको बताउँदै परराष्ट्र नीतिमा सबै दल एक मत हुनुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका नेता चन्द्र भण्डारीले सबै दल मिली परराष्ट्र नीति साझा बनाउनुपर्ने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले छिमेकीसँगको सम्बन्ध पहिले जस्तै हुनुपर्ने भन्दै परराष्ट्र नीतिमा सबै दल एक हुनुपर्ने बताउनुभयो ।रासस

# थप २ सय ५ जनामा कोरोना संक्रमण

काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा २०५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय तीन हजार ९० जनाको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको संख्या नौ लाख ८१ हजार २ सय ९४ पुगेको छ । एन्टिजेन विधिबाट गरिएको परीक्षणमा सङ्क्रमितको संख्या एक लाख ४० हजार ९ सय ७ रहेको छ ।

पछिल्लो समय थप ५१ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ९ सय ७५ पुगेको छ । यो दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५२ पुगेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ८२ हजार ९८९ जनाले खोप लगाएका छन् ।

हाल सक्रिय सङ्क्रमितको संख्या एक हजार ३ सय ८५ रहेको छ । जसमध्ये होमआइसोलेशनमा एक हजार ३ सय ४४, संस्थागत आइसोलेशनमा ४१, आइसीयूमा १७ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ ।रासस

# आगलागीबाट तीन जना घाइते



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बोदे बर्साइन नगरपालिकामा आज भएको आगलागीमा परेर तीन जना घाइते भएका छन् ।

बोदे बर्साइन नगरपालिका-१० खडगपुर बस्ने खगेन्द्र यादवको घरमा भएको आगलागीमा ग्यास सिलिन्डर पड्किँदा तीन जना घाइते भएका छन् । आगो नियन्त्रणमा लिने प्रयासमा रहेका छिमेकी कारी दास, महेश यादव र धीरेन्द्र यादव घाइते भएका छन् । घरमा रहेको एक थान ठूलो सिलिण्डर र दुई थान सानो सिलिण्डर पड्किएर उछिट्टँदा उनीहरू घाइते भएका छन् ।

आगलागीमा खगेन्द्रको घर र छिमेकी वीरेन्द्र यादवको परालको टाली जलेर नष्ट भएको छ । खगेन्द्रको घरमा रहेको नगद रु एक लाख ५० हजार, तीन तोला सुन, तीन किलो चाँदी, आठ क्विन्टल चामल, २० क्विन्टल धान, एक क्विन्टल चना, ४० किलो तोरी एक थान साइकल र सिलिण्डरलगायत सामान जलेर नष्ट भएको पीडितले बताए ।

# ट्रक र स्कारपियो ठोक्किँदा सात घाइते

चितवन । नारायगढ-मुग्लिन सडकखण्डअन्तर्गत भरतपुर महानगरपालिका-२९ केराबारीमा ट्रक र स्कारपियो एकआपसमा ठक्कर खाँदा सातजना घाइते भएका छन् । घाइतेमध्ये तीनको अवस्था गम्भीर रहेको छ ।

नारायणगढबाट काठमाडौंतर्फ जाँदै गरेको ना ६ ख २७७२ नम्बरको ट्रकले आज साँझ विपरीत दिशाबाट आउँदै गरेको ग २ च ३५१२ नम्बरको स्कारपियोलाई ठक्कर दिँदा स्कारपियोमा सवार चालकसहित सात घाइते भएका हुन् । घाइते सबैको चितवन मेडिकल कलेजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।रासस

# पानी अभावले वागमती प्रदेशमा ४३ प्रतिशतमात्र रोपाइँ

वागमती पर्याप्त मात्रामा आकाशे पानी नपरेको र सिँचाइको अभावका कारण यस वर्षको असार महिनाको अन्तिमसम्म अर्थात् वागमती प्रदेशमा ४३ प्रतिशत मात्र धान रोपाइँ भएको छ ।

प्रदेशअन्तर्गतको १३ जिल्लामा ५१ हजार ४०० हेक्टर खेतीयोग्य जमिनमा रोपाइँ भएको प्रादेशिक कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशका अधिकांश पहाडी जिल्लाका क्षेत्रमा आकाशे पानीको भरमा धान खेती गर्नुपर्ने भएकाले अहिलेसम्म धान रोपाइँ कम भएको मन्त्रालयले जनाएको छ ।

रोपाइँ भएका धानका लागि रासायनिक मल समेत अभाव भएको किसानको गुनासो छ । एकातिर पानी नपर्नु र अर्कोतिर मलकाको अभावले किसान समस्यामा परेका हुन् ।

मन्त्रालयका प्रवक्ता भलकनाथ कँडेलका अनुसार प्रदेशको १३ जिल्लामध्ये सबैभन्दा बढी काठमाडौं र सबैभन्दा कम धादिङ जिल्लामा धान रोपाइँ भएको छ ।

प्राप्त विवरणअनुसार काठमाडौंमा ८०, धादिङमा ११, रामेछापमा ३५, दोलखामा ५०, ललितपुरमा ७५ र भक्तपुरमा ७० प्रतिशत तथा चितवनमा ४० प्रतिशत धान रोपाइँ भएको छ ।

त्यस्तै सिन्धुली जिल्लामा ४५, काभ्रेमा ६१, सिन्धुपाल्चोकमा ४०, नुवाकोटमा ४५, रसुवामा ५५ र मकवानपुरमा २० प्रतिशत जमिनमा रोपाइँ भएको उक्त मन्त्रालयले जनाएको छ ।

यस प्रदेशमा खेतीयोग्य जमिन एक लाख २० हजार ५०० हेक्टर रहेकामा ९० प्रतिशत जमिनमा धान खेती हुने गरेको छ ।

प्रदेशमा विगत केही वर्षदेखि धान उत्पादन अर्थात् धान खेती घट्दै गएको मन्त्रालयको विवरणमा उल्लेख छ । आर्थिक वर्ष २०७७/७८ मा पाँच लाख नौ हजार ५९० मेट्रिक टन धान उत्पादन भएकामा २०७६/७७ मा पाँच लाख १० हजार २०० मेट्रिक टन तथा २०७५/७६ मा पाँच लाख २१ हजार ४४६ मेट्रिकटन धान उत्पादन भएको थियो ।रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
## जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/०१**
विज्ञापन नं.: ०१/०७९/०८०

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल जनकपुरधाम, धनुषामा देहाय बमोजिम पदमा सेवा करार लिई कामकाज गराउन आबश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आफुले हासिल गरेको शैक्षिक योग्यता, अनुभव, र नागरिकताको प्रमाण पत्र, सम्बन्धित परिषद को दर्ताको प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीक लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | पद/तह | आबश्यक न्युनतम योग्यता (मान्यता प्राप्त शैक्षिक संस्थाबाट तपसिलकाउपाधि ) |
|---|---|---|
| १ | मे.अ.(आठौ) | MBBS or equivalant |
| २ | नर्सिङ्ग अधिकृत (सातौ) | BN/B.Sc.Nursing |
| ३ | स्टाफ नर्स (पाचौ) | PCL–Nursing |
| ४ | हेल्थ असिस्टेन्ट (पाचौ) | PCL–General Medicine |
| ५ | CMA/ANM (चौथो) | CMA/ANM |
| ६ | फार्मेसी अधिकृत (सातौ) | B.Pharmacy |
| ७ | फार्मेसी सहायक (पाचौ) | PCL–Pharmacy |
| ८ | डेन्टल अधिकृत (आठौ) | BDS or equivalant |
| ९ | डेन्टल हैजेनिष्ट (पाचौ) | PCL–Dental Hygiene |
| १० | ओरलमैक्जिलोफैसियल सर्जन (नवौ) | MDS (Oral & Maxillo Facial–surgery) |
| ११ | मेडिकल अंकोलोजी(नवौ) | MD (Med.Oncology) |
| १२ | सर्जिकल अंकोलोजी (नवौ) | MS (Surgical Oncology) |
| १३ | मे.प्रयोगशाला अधिकृत (सातौ) | B.Sc. (MLT) or equivalant |
| १४ | मे.ल्याव टेक्निसियन(पाचौ) | PCL–Health Lab |
| १५ | मे.ल्याव सहायक (चौथो) | Lab. Assistant |
| १६ | रेडियो ग्राफर अधिकृत (सातौ) | B.Sc.–Radiography |
| १७ | रेडियो ग्राफरटेक्निसियन(पाचौ) | PCL–Radiography |
| १८ | एनेस्थेसिया टेक्नोलोजिस्ट(सातौ) | B.Sc. (Anesthesiology) |
| १९ | एनेस्थेसिया टेक्निसियन(पाचौ) | HA with Anesthesia Training |
| २० | डाइलेसिस टेक्निसियन (पाचौ) | HA with Dialysisi training |
| २१ | फिजियोथिरापी अधिकृत (सातौ) | BPT |
| २२ | फिजियोथिरापी सहायक (पाचौ) | PCL– psysiotherapy |
| २३ | अपथैलमोलोजी टेक्निसियन (पाचौ) | PCL–Opthalomogy |
| २४ | अडियो एण्ड स्पीच थेरापी टेक्निसियन (पाचौ) | PCL–Speech and Audiology |
| २५ | कम्पुयटर अपरेटर (चौथो) | SLC/SEE with Computer training (3months) |
| २६ | लाइब्रेरी सहायक (पाचौ ) | 10+2 (Library work experience) |
| २७ | लाइब्रेरी सहायक (चौथो ) | SLC/SEE (Library work experience) |
| २८ | बायोमेडिकल इन्जिनीयर(सातौ) | B.E. (Biomedical Engineer) |
| २९ | बायोमेडिकल टेक्निसियन(पाचौ) | 10+2 with Biomedical Equipment Training or BMET |
| ३० | Civil Sub–engineer (पाचौ) | Diploma in Civil Engineering |
| ३१ | Electrical Sub–Engineer (पाचौ) | Diploma in Electrical Engineering |
| ३२ | A.C. र Refreigeration टेक्निसियन (पाचौ) | TSCL (AC and Refrigeration) |
| ३३ | इलेक्ट्रिसियन (चौथो) | TSLC (electrical) |
| ३४ | पलम्बर सहायक (श्रेणी बिहिन) | Plumbing Training |
| ३५ | कर्यालय सहयोगी (श्रेणी बिहिन) | सामान्य लेखपढ |

| क्र. सं. | विभाग | पद (Faculty) | आबश्यक न्युनतम योग्यता (मान्यता प्राप्त शैक्षिक संस्थाबाट तपसिलका उपाधि) |
|---|---|---|---|
| १ | Medicine (Including subspeciality) | Professor / Associate professor / Assistant Professor | MD/MS of equivalent |
| २ | Surgery (Including subspeciality) | | |
| ३ | Obstetrics & Gyanecology | | |
| ४ | Pediatric | | |
| ५ | Orthopedics | | |
| ६ | Radiology | | |
| ७ | MDGP | | |
| ८ | Anesthesiologist | | |
| ९ | Health Reaserch | Assoc. Professor / Asst. Professor / Lecturer | MBBS, MPH/ BPH, MPH |
| १० | Public Health | | |
| ११ | Biostatistic | | Master in Biostatistic/Statistic |
| १२ | Med. Nutrition Therapy | Asst. Professor / Lecturer | Master in Medical Nutrition Therapy |
| १३ | Adult Health Nursing | Assoc.professor/ Asst. Professor / Lecturer | Master in Nursing |
| १४ | Psychiatric Nursing | | |
| १५ | Woman's Health /Maternal Nursing | | |
| १६ | Community Health Nursing | | |
| १७ | Pediatric Nursing | | |
| १८ | Anatomy | Asst. Professor/Lecturer | M.D./M.S/M. Sc. (Medical) in respective subject |
| १९ | Physiology | | |
| २० | Pharmacology | | |
| २१ | Biochemistry | | |
| २२ | Microbiology | | |
| २३ | Hematology | | |
| २४ | Histo-cytopathology | | |
| २५ | Pathology | | |
| २६ | Forensic Medicine | | |
| २७ | Instructor(Non-faculty) | ७ (सातौ) तह | BPH |
| २८ | Research Officer (Laboratory) | ७ (सातौ) तह | B.Sc.(MLT) with Laboratory research Experience |

**पदपूर्ति सम्बन्धि अन्य शर्तहरुः**

१. दरखास्त दिने अबधि : २०७९/०४/०१ देखि २०७९/०४/१५ सम्म
२. सम्पर्क मितिः२०७९/०४/१७
३. परीक्षाको किसिम र समय : सम्पर्क मितिमा तोकिने छ।
४. परीक्षा दस्तुर : Professor/Associate professor (ने.रु.१५००), Asst.Professor/Lecturer (ने.रु.१२००), नवौ तह (ने.रु.१०००), सातौ/आठौ तह (ने.रु.८००), चौथो/पाचौ तह (ने.रु.६००), श्रेणी विहिन (ने.रु.५००)
५. परीक्षा दस्तुर राष्ट्रिय बाणिज्य बैंक, भानुचौक, जनकपुरधामको खाता नम्बर १२२०१०००२६४९६००१ मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठानको नाममा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
६. Professor/Associate professor/Asst. professor and Lecturer को योग्यताको विस्तृत जानकारीको लागि यस प्रतिष्ठानको webapge: https://mihs.edu.np मा हेर्नुहुन अनुरोध छ।
७. दरखास्त फारम यस प्रतिष्ठानको webapge: https://mihs.edu.np बाट download गरी रितपुर्वक भरी यस प्रतिष्ठानको नर्सिंग क्याम्पस, जनकपुरधाममा जम्मा गर्नुहुन् अनुरोध छ।

**मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान**


# चिकित्सा शिक्षाको शुल्क वृद्धि

काठमाण्डु । राष्ट्रिय चिकित्सा आयोगले चिकित्सा शिक्षाको शुल्क निर्धारण गरेको छ।

आयोगका उपसचिव मेघराज शर्माले शैक्षिक सत्र २०७८/७९ का लागि आयोगले चिकित्सा शिक्षाअन्तर्गत स्नातक तह, स्नातकोत्तर तह, स्नातकोत्तरभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रममा शुल्क निर्धारण गरेको बताउनुभयो।

उहाँले स्नातक तहका १६, स्नातकोत्तर तहका ५४ र स्नातकोत्तर तहभन्दा माथिका दुई शैक्षिक कार्यक्रमको शुल्क निर्धारण गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार गत शैक्षिक सत्रको भन्दा यसपटक ३.६ प्रतिशत शुल्क वृद्धि गरिएको छ।

स्नातक तहतर्फको कार्यक्रममा एमबिबिएस उपत्यकाभित्र रु ४१ लाख ६८ हजार ९०, एमबिबिएस उपत्यकाबाहिर रु ४५ हजार ९५ हजार ७२०, विडिएस रु २० लाख ९२ हजार २९०, बिएस्सी नर्सिङ रु १० लाख ३६ हजार शुल्क निर्धारण गरिएको छ।

यस्तै बिएस्सी एमआइटी, बिपिटी, बि. मेडिकल माइक्रोलोजी र बि. बायोक्यामेस्ट्री, बिपिएच, बिफार्मेसी, विपर टेक, बिएएसएलपी लगायतको शुल्क रु सात लाख ७७ हजार तोकिएको छ।

यस्तै स्नातकोत्तर तहतर्फ एमएस्सी मेडिकल माइक्रोबायोजी र एमएस्सी मेडिकल बायोक्यामेस्ट्री, एमएस्सी एमआइटी, एमएस्सी एमएलटीको पनि रु सात लाख ५७ हजार ८३० तोकिएको छ।

स्नातकोत्तर तहभन्दा माथि एमफिल क्लिनिकल साइकोलोजीको रु तीन लाख चार हजार २२० र डिएम/एमचिएचको रु २५ लाख ९० हजार शुल्क तोकिएको आयोगका उपसचिव शर्माले जानकारी दिनुभयो।रासस

# 'कोरा भक्तपुर साइक्लिङ यात्रा' सुरु



भक्तपुर । भक्तपुरको पर्यटकीय क्षेत्रलाई विश्वमाझ चिनाएर स्वदेशी तथा विदेशी पर्यटक आकर्षित गर्न भक्तपुरमा ३ सय बढीले साइकल यात्रा सुरु गरेका छन्।

पैदल र प्याडलमैत्री सहर मुख्य नारासाथ साइकल कनेक्ट भक्तपुरको आयोजनामा आज बिहान साइक्लिङ च्यालेन्ज यात्रा कार्यक्रमअन्तर्गत 'भक्तपुर कोरा २०२२' सुरु भएको हो।

साइकल कनेक्ट भक्तपुरका अध्यक्ष सुनिल बालाले भक्तपुर, काठमाडौं, ललितपुर तथा काभ्रेपलाञ्चोकको सिमानासम्मका पर्यटकीय एवं सम्पदास्थलको साइकलबाट परिक्रमा गर्ने गरी भक्तपुर दरबास्क्वायरबाट ५ हजार ७५ र १ सय किलोमिटरको तीनवटा रुटमा यात्रासुरुगरेकोजानकारीदिनुभयो। च्यालेन्जमा ५० किलोमिटरमा आठ महिलासहित १३८, ७५ किलोमिटरमा दुई महिलासहित ४७, १०० किलोमिटरमा तीन महिलासहित १ सय ७ र अन्य ३ सय भन्दा बढीको सहभागिता छ। अध्यक्ष बालाले भन्नुभयो, "पर्यटकको आगमन बढाउन र कोरोनाबाट मृत्यु भएका साइक्लिष्ट यमलाल रसाइको परिवारलाई सहयोग गर्न रु छ लाखको कोष स्थापनाको लक्ष्य छ।" कार्यक्रम संयोजक सुनिल ख्याजुले तीनवटा रुट बनाएर भक्तपुरका चारै नगरपालिकाका सहरदेखि ग्रामीण क्षेत्रसम्मका आकर्षक पर्यटकीय क्षेत्रको अवलोकन गरिने बताउनुभयो।

यात्रामा सहभागी होटल हाइल्याण्ड रिसोर्ट रानीकोटका सञ्चालक रामसुन्दर बर्कैले साइकलबाट आन्तरिक तथा बाह्य पर्यटनको विकास गर्न सकिन्छ भन्नुभयो।रासस

# अघि बढ्यो विद्यालय शिक्षा क्षेत्र योजना



काठमाण्डु। वर्तमान सरकारले एक वर्षको अवधिमा शिक्षालाई मुलुक विकासको पूर्वाधारको पनि पूर्वाधारका रूपमा अर्थ्याउँदै विद्यालय शिक्षा क्षेत्र योजनाको प्रक्रियालाई अघि बढाएको छ। सन् २०३० सम्मका लागि तय भएको संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यलाई सघाउन राष्ट्रिय कार्यढाँचासहित न्यायपूर्ण, समतामूलक र समृद्ध नेपाल निर्माणका लागि शिक्षामा दीर्घकालीन सोच अघि सारिएको हो। विगतमा दातृ निकायको समेत सहकार्यमा विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गरिएकामा सोको अवधि सकिएपछि नयाँ योजना विकास भएको छ। दुई वर्ष अघिदेखि सुरु भएको उक्त योजना निर्माण प्रक्रिया कोभिड-१९ का कारण अवरुद्ध भए तापनि प्रधानन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारको एक वर्षको अवधिमा सो योजना स्वीकृत भएको छ। सो दस वर्षे योजना आउने आर्थिक वर्षदेखि कार्यक्रमका रूपमा कार्यान्वयनमा आउँदैछ।

योजनाले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछि उक्त संरचनायुक्त एवं सामाजिक तथा आर्थिक रुपान्तरणका लागि स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्द्धनात्मकमूल्य उन्मुख नागरिक विकासमा योगदान पुऱ्याउने दूरदृष्टि लिएको छ। योजना तर्जुमाका लागि दुई वर्षअघि विभिन्न विज्ञ र विषयगत समूह गठन गरिएको थियो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सबै नागरिकलाई गुणस्तरीय, सीपमूलक तथा व्यावहारिक शिक्षाको प्रत्याभूति नगरी देशका लागि आवश्यक जनशक्ति आपूर्ति हुन नसक्ने भएकाले विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउने, प्राविधिक शिक्षाको पहुँच विस्तार तथा सुदृढीकरण र उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने कार्यमा मन्त्रालय प्राथमिकताका साथ लागिरहेको बताउनुभयो। शैक्षिक सुधारका लागि उपलब्ध बजेटको उच्चतम उपयोग गर्ने र शिक्षा सुधारका लागि बजेट वृद्धि गर्दै लैजाने प्रतिबद्धता मन्त्री पौडेलको रहेको छ।

**शिक्षक व्यवस्थापन**

सरकारले २३३ द्वन्द्वपीडित शिक्षकलाई पुनः बहाली र क्षतिपूर्ति दिने निर्णय यही एक वर्षको अवधिमा भएको छ। सोसम्बन्धी विगतमा भएका अध्ययन र कार्यदलको प्रतिवेदनका आधारमा सेवा अवधिको गणना गरेर त्यस्ता शिक्षकको सुविधा निर्धारण गरिएको छ। ती शिक्षकको रकम निकासा भने भइसकेको छैन।

सरकारले चितवनको भगवानपुरमा शिक्षक अस्पताल निर्माण पूर्वाधार विकास गरेको छ भने शिक्षा सेवा आयोगको नियमावली संशोधन गरी १७ हजार शिक्षकलाई खुला प्रतिस्पर्धाबाट पदपूर्तिको प्रक्रिया अघि बढाइएको छ। शिक्षकको पेसागत सीप र क्षमता विकासका लागि भर्चुअल विधिसमेत प्रयोग गरी शिक्षक तालिम कार्यक्रम सञ्चालन, शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न, प्रदेश शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना तथा सञ्चालन र डिजिटल सिकाइ सामग्रीको उत्पादन, आवश्यकताका आधारमा पाठ्यक्रममा सामयिक परिमार्जन तथा अद्यावधिकरण, नमूना तथा उत्कृष्ट विद्यालय विकास तथा सञ्चालन, उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रोत्साहनलगायतका कार्यक्रम सञ्चालन गर्ने प्राथमिकता लिएको छ।

शिक्षक दरबन्दी मिलान प्रतिवेदनका अनुसार प्रत्येक सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित गर्नका लागि ५३ हजार शिक्षक दरबन्दी थप गर्नुपर्ने अवस्था छ। उक्त प्रतिवेदनअनुसार १२ हजार ८३५ शिक्षकको स्थानान्तरण गरी मिलान गर्नुपर्नेमध्ये नौ हजार ४९६ शिक्षक सम्बन्धित स्थानीय तहभित्र नै मिलान हुने र तीन हजार ३३९ शिक्षकको जिल्लान्तर सरुवाबाट मिलान हुनुपर्ने अवस्था छ।

स्थानीय तहभित्रनै मिलान हुनुपर्ने सङ्ख्यामध्ये आठ हजार ५०० शिक्षकको मिलान सम्पन्न भइसकेको छ र बाँकी ९९६ शिक्षकको चालु शैक्षिक सत्रमा नै मिलान गरिसक्ने लक्ष्य सरकारको छ। जिल्लान्तर सरुवाबाट मिलान हुनुपर्ने सङ्ख्यामध्ये एक हजार ४८६ को जिल्लान्तर सरुवाबाट मिलान सम्पन्न भइसकेको छ भने बाँकी सङ्ख्या यसै शैक्षिक सत्रभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ।

न्यून रहेको शिक्षक दरबन्दी आपूर्तिका लागि यसै वर्ष माध्यमिक तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयका चार हजार ७५० र आधारभूत तह कक्षा ६-८ मा दुई हजार ६०० गरी सात हजार ३५० शिक्षक व्यवस्थाका लागि बजेट व्यवस्था गरिएको छ। उक्त सङ्ख्याका अतिरिक्त प्राविधिक विषयमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गरेका विद्यार्थीलाई इन्टर्नका रुपमा परिचालन गर्न बजेट व्यवस्था गरिएको छ।

**राष्ट्रपति शैक्षिक सुधार र पढ्दै कमाउँदै कार्यक्रम**

सार्वजनिक शिक्षा सुदृढीकरणका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विद्यालय भौतिक निर्माण कार्य सञ्चालन गर्ने सरकारको लक्ष्य रहेको छ। उक्त कार्यक्रमअन्तर्गत सरकारले एक वर्षमा विद्यालय निर्माण र सिक्दै कमाउँदै कार्यक्रमको कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

शैक्षिक तथ्याङ्कका आधारमा अझै पनि २८ हजार भवन निर्माण गर्न आवश्यक रहेको छ। विद्यालय पुनःनिर्माण कार्यक्रमबाट सात हजार ५८३ विद्यालयको निर्माण कार्य सम्पन्न भएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट तीन हजार ९८२ विद्यालय भवन निर्माण भएका छन्। आगामी तीन वर्षभित्र अन्य विद्यालय निर्माण, सवलीकरण तथा पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ।

शैक्षिक गुणस्तर सुधारलगायत शैक्षिक विकासका लागि प्रस्तावित कार्यक्रम सार्वजनिक विद्यालय सुदृढीकरणका लागि लक्षित रहेका छन्। विद्यालय भौतिक पूर्वाधार विकास, शिक्षक तालिम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विभिन्न प्रकारका प्रयोगशालाको स्थापना, शिक्षण सिकाइमा सूचना प्रविधिको उपयोग, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको क्षमता विकासका कार्यक्रम समेटी विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा ल्याइएको छ। साथै उच्च शिक्षामा सुधारका लागि उच्च शिक्षामा उत्कृष्टता प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइएको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला विस्तार तथा सुदृढीकरण, सूचना प्रविधि प्रयोगाशाला स्थापना तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितताका लागि गणित, विज्ञान तथा अङ्ग्रेजी विषय शिक्षकको व्यवस्था गर्न कार्यक्रम प्रस्ताव गरिएको छ।

विद्यालय शिक्षामा छात्रा, दलित, अपाङ्गता भएका विद्यार्थी तथा लक्षित समूहका लागि आवासीय तथा गैर आवासीय छात्रवृत्तिको व्यवस्था, कक्षा ६ सम्म विद्यालय दिवाखाजा कार्यक्रम, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, छात्राका लागि सेनेटरी प्याड आदिको व्यवस्था गरिएको छ। उच्च शिक्षामा पिछडिएको समुदायका विद्यार्थीका लागि छात्रवृत्ति, चिकित्सा तथा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिलगायतका कार्यक्रम प्रस्ताव गरिएका छन्।

**निर्देशिका र कार्यविधि जारी**

यस अवधिमा मन्त्रालयले शिक्षा र विज्ञानसम्बन्धी विभिन्न निर्देशिका, कार्यविधि र नियमावली जारी गरेको छ। त्यसअन्तर्गत शैक्षिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ र शैक्षिक परामर्शसम्बन्धी नियमावली २०७९ को मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा छ। रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली २०७८ जारी गरिएको छ भने पाठ्यपुस्तक छपाइ तथा वितरणसम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरिएको छ।

यहीबीचमा मन्त्रालयको सोचपत्र तयारी भएको छ भने बदलिँदो परिस्थितिअनुसार सङ्गठन र व्यवस्थापनसम्बन्धी सर्वेक्षण सुरु भएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र टिइसिएसको पाठ्यक्रमबीच तादात्मयता मिलाउने काम भइरहेको छ। राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष रिक्त भएपछि सो पदमा खुला प्रतिस्पर्धाबाट पूर्वसचिव डा महाश्रम शर्माको नियुक्ति भएको छ भने कोभिड-१९ का कारण विदेशका विश्वविद्यालयमा चिकित्सा शिक्षा अध्ययनरतमध्ये स्वदेश फर्किएर पढ्न नपाएका विद्यार्थीलाई सम्बन्धित मुलुकका विशवविद्यालयमा फर्काउन सहजीकरण भएको छ। मन्त्रालयले नेपाल शिक्षक महासङ्घसँग ५१ बुँदे सम्झौता गरेको छ भने विदेशी शिक्षण संस्थाबाट सञ्चालित शिक्षालयको अनुगमन सुरु गरेको छ।

**शिक्षामा ६१ प्रतिशत बजेट स्थानीय तहमा**

आव २०७९/८० का लागि सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यान्वयन हुने नेपाल सरकार, प्रदेश र स्थानीय तहका लागि जम्मा रु एक खर्ब ९६ अर्ब ३८ करोड छुट्याइएको छ। यो कूल विनियोजनको १०.९५ प्रतिशत हो। शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको बजेटमध्ये रु एक खर्ब २१ अर्ब एक करोड (६१.६२ प्रतिशत) अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा शैक्षिक व्यवस्थापनका लागि सोझै विनियोजित हुन्छ। प्रदेश तहमा प्रमुखरुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन र विद्यालय शिक्षक तालिम कार्यक्रमका लागि जम्मा रु पाँच अर्ब ३२ करोड (२.७१ प्रतिशत) जान्छ। मन्त्रालय तहमा जम्मा रु ७० अर्ब पाँच करोड बजेट (३५.६७ प्रतिशत) विनियोजन भएको छ। रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# विद्यापति पुरस्कारको दुरुपयोग भयो

नेपाल सरकारले मैथिली भाषा, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान गर्नेहरुका लागि विद्यापति मैथिली पुरस्कार कोष खडा गरेकोछ। बृहत्र जनकपुर क्षेत्र विकास परिषद्को कार्यालयमा नै कार्यालय राखिएको विद्यापति पुरस्कारप्रति व्यापक अन्तुष्टि बढेको छ। नेपाल सरकारले स्थापना गरेको सो पुरस्कार एउटा गिरोहको कब्जामा पुगेको छ। हरेक वर्ष गिरोहले आफ्ना आफन्त, स्वजातीयलाई पुरस्कार दिने गरेको छ। मैथिली भाषा र संस्कृतिको क्षेत्रमा योगदान दिनेको मूल्यांकन गर्ने समिति पनि गिरोहले नै बनाउने गरेको छ। उनीहरुले दुई लाख रकमको पुरस्कार गिरोह भन्दा बाहिर जान दिएको छैन्। मैथिली भाषा र संस्कृतिको क्षेत्रमा योगदान दिएको मूल्यांकन गर्ने समितिले निर्देशानुसार व्यक्तिको नाम छनौट गर्छ। पुरस्कारका लागि योग्यताको निर्धारण नै छैन्। स्थापनाकाल देखि हाल सम्म पुरस्कार वितरणको क्रम हेर्दा २ लाख रुपैयाको पुरस्कार अपवाद बाहेक गिरोहका व्यक्तिहरुले नै पाएका छन्। त्यसमा पनि त्यो पुरस्कार पाउने जातीगत रुपमा पनि ती व्यक्तिहरु नै छन्। २ लाख राशीको पुरस्कार केही क्लवहरुले पनि पाएका छन्। ती क्लवहरुको भन्दा धेरै बढी लगानी मैथिली भाषा र संस्कृतिको प्रबर्द्धनमा एफ एम रेडियो र टीभी च्यानलहरुको छ। तर त्यो गिरोहको मूल्यांकनमा पर्नै सक्दैन्। व्यक्तिगत रुपमा होस् चाहे संस्थागत रुपमा होस् गिरोह भन्दा बाहिर जान सक्दैन्। पछिल्लो पटक वितरण गरिएको दुई लाखको विद्यापति पुरस्कारको छनौटमा डा.पशुपतिनाथ झा, वरिष्ठ पत्रकार एवं साहित्यकार राजेश्वर नेपाली परेनन्। पुरस्कार छनौट समितिमा रहेका व्यक्तिहरुलाई पुरस्कार प्राप्तिका लागि नै सदस्य बनाइएको थियो। पुरस्कार छनौट समिति गठन हुनु अगावै गिरोहले अमुख व्यक्तिलाई दिने टुंगो लगाएर त्यसमा सघाउने व्यक्तिलाई राख्छन्। पुरस्कार छनौट समितिमा रहेका व्यक्तिले राजेश्वर नेपाली, पशुपतिनाथ झाको मूल्यांकन गर्नु नै परेन्। अमुख व्यक्तिलाई २ लाखको पुरस्कार मिल्ने पहिले नै सार्वजनिक भइसकेको थियो। पुरस्कार छनौट समितिले २ लाख राशिको पुरस्कारलाई मात्र नभइ १ लाख राशिका अन्य पुरस्कार हरुको समेत अवमूल्यन गरेको छ। यस्ता निरन्तर भइरहेकाले त्यो पुरस्कारको औचित्य रहेन्। पुरस्कारको राशिलाई मैथिली भाषामा प्राथमिक शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई सो राशि उपलब्ध गराएर प्रोत्साहन गरिए हरेक वर्ष कम्तीमा २५ जना विद्यार्थी मैथिली भाषाको विषयमा अत्यधिक रुची राखेर अगाडि बढने छन्। यही गिरोहको कारण गैर आवासीय नागरिक उपेन्द्र महतोले स्थापना गरेको फूल कुमारी महतो पुरस्कार दोस्रो पटक वितरण नै भएन्। स्थापनाकै वर्षमा गरिएको विभेद र भएको आलोचनाले संस्थापक महतोले त्यो पुरस्कार बन्दगरी विवादबाट जोगिने उपाय अपनाए। विद्यापति पुरस्कारको नाममा एउटा गिरोहलाई मलजल गर्ने भन्दा त्यसको राशि मैथिली भाषामा प्राथमिक विद्यालयमा शिक्षा दिने अथवा कक्षा ११ देखि स्नात्तकोत्तर शिक्षाका लागि स्कलरसिप, उत्कृष्ट हुने थेसिसलाई पुरस्कृत गर्ने तर्फ सरकारले सोच्नु पर्ने अवस्था आइसकेको छ।

# के श्रीलङ्काबाट नेपाललाई पाठ सिक्नुपर्ने हो ?



**प्रभाषचन्द्र झा**
**(वरिष्ठ पत्रकार)**

जनताले सिंहासनमा विराजमान गराउने सामर्थ्य राख्छन् भने समयअगावै सिंहासनबाट उतार्नपनि सक्छन्। राष्ट्रपति गोटाबायालाई सिंहासन छोडेर अर्को मुलुकमा शरण लिन बाध्यपार्ने जनतानै हुन्। तसर्थ, जनतानै सर्वशक्तिमान जनता हुन्छन भन्ने वाक्यांसलाई श्रीलङ्कनले प्रमाणित गरेका छन्।

पदीय मर्यादाविपरीत कार्य नगर्न र देश र जनताको भावनामाथि कुठाराघात गरेको खण्डमा यसरीनै जनताले पदच्यूत गराउने सक्ने भनेर सन्देशपनि प्रवाह भएको छ। श्रीलङ्कनको अदम्य साहस देखेर अन्तर्राष्ट्रिय जगतपनि चकित छन् भने जनताको करलाई दुरुपयोग गर्ने, जनभावनाको ख्याल नगर्ने कतिपय देशका शासकहरु यतिखेर, राष्ट्रपति गोटाबायाको दुर्दशा देखेर झस्किएको हुनुपर्छ। श्रीलङकाको घटनाले के देखाएका छन् भने शासक अलोकप्रिय हुँदै गएको खण्ड सुरक्षाकर्मी र सेनाले पनि साथ छोड्छन्। प्रधानमन्त्री रनिल विक्रमसिँघेलाई राष्ट्रपतिको जिम्मेवारी दिएर राजपाक्षे बुधवार मालद्वीपमा शरण लिएका थिए भने विहीवार सिङ्गापुर पुगेको चर्चा छ। बुधवार राजीनामा नगरेपछि जनताहरुले प्रधानमन्त्रीको कार्यालयका साथै सरकारी टेलिभिजनलाई आफ्नो कब्जामा लिएका छन्। उनीहरुको गोटाबायाको राजीनामाको मागमा अडिग छन्।

राष्ट्रपति राजपाक्षेको राजीनामाको माग राखेर गत, ९ मईको दिन हजारौं जनता राष्ट्रपति भवन पस्न खोज्दा सुरक्षाकर्मीले गोली चलाउँदा नौं जनाको मृत्यु भएको थियो भने ३०० जना घाइते भएका थिए। विगतझैं, सुरक्षाकर्मी र सेनाले त्यसरी नै आफूलाई सुरक्षा गर्ने छन् भनेर विश्वस्त थियो, गोटाबाया राजपाक्षे। जव, शनिवार जनता राष्ट्रपति भवनतर्फ बढ्न लाग्दा सेनाले सुरक्षागर्न नसक्ने सङ्केत गरेपछि राजपाक्षेले राष्ट्रपति भवन खाली गरेर सैनिक विमानबाट गोप्य स्थानमा लुकेका थिए।

पाँच महिनाअघि नै श्रीलङ्कामा जनविद्रोहको वातावरण बनेको थियो। ऋणमा चुर्लुम्म डुबेको श्रीलङ्काको कृषि क्षेत्रमा ह्वात्तै उत्पादनमा पचास प्रतिशतको हाराहारीमा उत्पादन घटेपछि खाद्यानको अभाव व्यापक रुपमा भयो। वैदेशिक मुद्राको अभावले गर्दा समयमा आवश्यक खाद्यान, इन्धन र औषधिको मागअनुरुप आयात नभएपछि जनतामा नैराश्यता बढ्दै गयो। सरकारको त्यो गलत आर्थिक नीति, क्षमताभन्दा धेरै बढी विदेशी ऋण लिएको र सोको सदुपयोग नहुँदा तीन बर्षकै अवधिमैं सो मुलुक टाट पल्टिने अवस्थामा पुगेको छ। अर्कोतर्फ, राष्ट्रपति राजपाक्षेले परिवारवादको राजनीतिलाई प्रश्रय दिएको, विलासितामा रमाएको र भ्रष्टाचार बढेको कारण अहिले श्रीलङ्काको वैदेशिक भण्डार रितिएको छ।

उहिले जनताको लागि गास, बास र कपासको विषयलाई प्राथमिकतामा राखिन्थ्यो। अचेल अतिआधुनिक युगमा सर्वसाधारण व्यक्तिको पनि जीवनशैलीमा परिवर्तन आएको छ। अव, मानिसलाई विद्युत, इन्टरनेट, इन्धन, व्यक्तिगत सवारी साधन, औषधोउपचार र अतिआवश्यक विलासिताका सामान चाहिन्छ। उपभोग गरेका वस्तुहरु उपलब्ध नभएको खण्डमा मानिसहरु छटपटाउँछन्। अधिकांस मानिससँग परिस्थितिसँग सामना गर्नका लागि सहनशक्तिको अभाव छ। अहिलेको युगमा तुरन्तका तुरन्त सवै थोक चाहिएको छ। कुनैपनि हालतमा जनता जीवनशैलीसँग सम्झौता गर्दैनन, बरु मर्न र मार्न तयार हुन्छन्। किनभने, विलासिताको लत लागेको छ। यो ब्राउनसुगरको नशाभन्दा पनि खतरनाक हुन्छ। श्रीलङ्कामा अहिले दैनिक सरदर तेह्र घण्टा लोडसेडिङ हुन्छ र इन्धनका साथै खाद्यानको चरम अभाव छ।

जे भएपनि श्रीलङ्काका जनताले गत, शनिवार एउटा नयाँ इतिहास रचेका छन्। राष्ट्रपतिको आवास भवनलाई आफ्नो कब्जामा राखेर राष्ट्रपतिमाथि राजीनामाको लागि दवाव बनाउनु सम्भवतः विश्वको यो पहिलो घटना हो। राष्ट्रपति भवनतर्फ हजारौं जनता बढिरहेको देखेर सुरक्षामा खटिएका प्रहरी र सेनाले रोक्ने प्रयास गरेको थियो। लट्ठी, अश्रुग्यास र पानी छोडेपनि आक्रोसित जनता ज्यानको परवाह नगरी पाइलामा पाइला मिलाउँदै आफ्ना लक्ष्यतर्फ अग्रसर रहिरह्यो। अन्ततः सेना र सुरक्षाकर्मीहरु पछाडि हट्न बाध्य भए।

**को हुन राजपाक्षे ?**

श्रीलङ्काका पूर्वमन्त्री एल्विन राजपाक्षेका चार छोरामध्ये निवर्तमान राष्ट्रपति गोटवायाका साहिँला छोरा हुन्। महिला छोरा महिंद्रा राजपाक्षे सन् २००५देखि २०१५ सम्म श्रीलङ्काको राष्ट्रपति थियो। सन् २०१९को नोभेम्बरको निर्वाचनमा एल्विनको काहिँला छोरा गोटबाया राष्ट्रपति बनेका थिए। गोटबाया राष्ट्रपति बनेपछि दाजु महिंद्रालाई प्रधानमन्त्रीमा र जेठो दाजु चामललाई सिँचाइमन्त्री र कान्छो भाइलाई अर्थमन्त्री बनाएको थियो। यसका साथै, महिंद्राका दुई छोरामध्ये नामल खेलमन्त्री र अर्को छोरा युसिया स्टाफमन्त्री र जेठो दाजु चामलका दुई छोरामध्ये शशिन्द्रलाई कृषि र शमेन्द्रलाई वायुसेवा निगमको मन्त्री बनाएका थिए। यसका साथै, राज्यका प्रमुख निकायमा पनि आफ्नै नातेदारहरुलाई नियुक्त गरेका थिए। राजेपाक्षे परिवारको साम्राज्य नै स्थापना गरेको देखिन्छ। भनिन्छ, श्रीलङ्काको बार्षिक बजेटको २४ प्रतिशतमा राजपाक्षे परिवारको नियन्त्रण थियो।

**तमिल टाइगरको विद्रोह र सफाया**

श्रीलङ्काको अल्पसङ्ख्यक समुदाय तमिलहरुमाथि अत्यधिक दमनको विरुद्धमा वेलुपिल्लई प्रभाकरणले अलग राष्ट्र बनाउनका लागि सन् १९७५मा तमिल टाइगर (लिट्टे) नामक लडाकु सङ्गठनको स्थापना गऱ्यो। सन् १९८३देखि २००९ सम्म सशस्त्र सङ्घर्ष हुँदा हजारौं श्रीलङ्कनको मृत्यु भयो। तमिल टाइगरका लडाकुहरुले सैनिक, सुरक्षाकर्मी र सिँहली समुदायलाई निशाना बनाउने गरिन्थ्यो भने अर्कोतर्फ सिँहली समुदायहरुको छुट्टै लडाकु सङ्गठन थियो। जसले तमिलका साथै आफ्ना विरोधी सिँहली समुदायका नेताहरुलाई निशाना बनाउने गरिन्थ्यो। जातीय सङ्घर्षले गर्दा श्रीलङ्का गुहयुद्धको भूमरीमा फसेको थियो। तमिल बाहुल्य जाफ्ना प्रान्त तमिल टाइगरको पकडमा थियो। सो क्षेत्रमा उनीहरुकै एक किसिमले शासन सञ्चालनमा थियो। तमिल टाइगर (लिट्टे) लाई विश्वकै सवैभन्दा शक्तिशाली र फूर्तिला गुरिल्ला युद्धको लडाकुको रुपमा हेरिन्थ्यो। श्रीलङ्कन सरकारले अतिआधुनिक हतियार चीनबाट भित्र्याएपछि सन् २००९मा श्रीलङ्काका सेना र तमिल टाइगरबीच घमासान युद्ध भयो। सो युद्धमा तमिल टाइगरका कमान्डर प्रभाकरणको मृत्यु भयो। त्यसपछि, तमिल टाइगरसँगको सङ्घर्षको अन्त्य भएको थियो।

सो वेला राष्ट्रपति गोटाबाया रक्षा मन्त्रालयमा सचिव थिए भने उनको दाजु महिँद्रा राजपाक्षे राष्ट्रपति थियो। अर्कोतर्फ, चीनको हतियारको वलमा तमिल टाइगरमाथि विजय प्राप्त गरेपछि महिँद्रा राजपाक्षेको झुकाव चीनतर्फ बढ्दै गयो। तमिल टाइगरलाई सफाया गरेका कारण खासगरी सिँहली समुदायमा राजपाक्षे परिवारको लोकप्रियता झनै बढ्यो। त्यसको फलस्वरुप २०१९ सालको नोवेम्भरमा गोटाबाया राष्ट्रपति बनेका थिए। सो सङ्घर्ष र सङ्घर्षपछि बन्दीमा रहेका समेत गरी ४० हजार तमिललाई मारेको आरोप उनीमाथि छ।

*सन् १९८३ देखि २००९ सम्म सशस्त्र सङ्घर्ष हुँदा हजारौं श्रीलङ्कनको मृत्यु भयो। तमिल टाइगरका लडाकुहरुले सैनिक, सुरक्षाकर्मी र सिँहली समुदायलाई निशाना बनाउने गरिन्थ्यो भने अर्कोतर्फ सिँहली समुदायहरुको छुट्टै लडाकु सङ्गठन थियो। जसले तमिलका साथै आफ्ना विरोधी सिँहली समुदायका नेताहरुलाई निशाना बनाउने गरिन्थ्यो। जातीय सङ्घर्षले गर्दा श्रीलङ्का गुहयुद्धको भूमरीमा फसेको थियो। तमिल बाहुल्य जाफ्ना प्रान्त तमिल टाइगरको पकडमा थियो। सो क्षेत्रमा उनीहरुकै एक किसिमले शासन सञ्चालनमा थियो। तमिल टाइगर (लिट्टे) लाई विश्वकै सवैभन्दा शक्तिशाली र फूर्तिला गुरिल्ला युद्धको लडाकुको रुपमा हेरिन्थ्यो। श्रीलङ्कन सरकारले अतिआधुनिक हतियार चीनबाट भित्र्याएपछि सन् २००९ मा श्रीलङ्काका सेना र तमिल टाइगर बीच घमासान युद्ध भयो। सो युद्धमा तमिल टाइगरका कमान्डर प्रभाकरणको मृत्यु भयो। त्यसपछि, तमिल टाइगरसँगको सङ्घर्षको अन्त्य भएको थियो।*

**ऋणमा डुबेको श्रीलङ्का**

श्रीलङ्कामाथि अहिले ५१ विलियन डालर ऋण छ। सोमध्ये करिव सात विलियन चीनको ऋण छ। यसका साथै यसका साथै, विश्व बैङ्क, एशियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष (आएमएफ) र भारत, अमेरिका र जापानलगायत राष्ट्रसँग ऋण लिएका छन्। ऋणको व्याजपनि तिर्न नसक्ने भनेर श्रीलङ्कन सरकारले सार्वजनिक गरेपछि अवस्था झन चिन्ताग्रस्त बनेको छ।

श्रीलङ्काको अतिमहत्वाकांक्षी हेवनटाटा बन्दरगाहलाई विकसित गर्नका लागि चीनसँग लिएका ऋण समयमा चुक्ता नगर्दा अहिले ९९ बर्षका लागि सो बन्दरगाह चीनलाई सुम्पिनुपरेको छ। चीनसँग अन्य योजनाका लागि पनि ऋण लिएका छन्

तीन दसकसम्म सशस्त्र सङ्घर्षबाट मुक्त भएपछि श्रीलङ्का तीव्रगतिमा विकास गर्न खोजेको थियो। भारतसँग सम्बन्ध तिक्ततामा परिणत हुँदा श्रीलङ्काको सम्बन्ध चीनसँग प्रगाढ भयो। श्रीलङ्काका तत्कालीन राष्ट्रपति महिंन्द्रा राजपाक्षेले लिएका ऋणको अत्यधिक दुरुपयोग भएकाले अहिले भोकमरीको अवस्था सृजना भएको छ।

**श्रीलङ्काको असर नेपालमा पर्छ ?**

व्यङ्ग्यात्मक शैलीमा नेपाललाई हल्लैहल्लाको देशपनि भनिन्छ। यहाँ हल्लाको भरमा आन्दोलनमा पनि भएको छ। सरकारले पनि हल्लाकै भरमा हतार हतारमा निर्णय लिन्छन्। देश डुब्ने डरले हप्तामा दुई दिनको विदा दिन्छन्। केही दिनपछि बल्ल थाहा पाउछन्, बन्दले गर्दा कतै देश डुब्ने त होइन। त्यसपछि, पुनः सातामा एकदिन मात्र विदा दिने निर्णय गर्छन्। सरकारले कुनै निर्णय लिँदा त्यसको फाईदा र वेफाईदाको विषयमा गम्भीर रुपमा छलफल गर्नुपर्ने हो। तर, त्यसो नगर्दा, सरकारको विश्वसनीयतामाथि प्रश्न उठ्नु स्वभाविक हो।

कुनैपनि निर्णय गर्दा वा अधिकारिक व्यक्तिले बोल्ने बेलामा होश नपुऱ्याउँदा त्यसको प्रतिकूल असर दीर्घकालसम्म देखिन्छ। वैदेशिक मुद्राको अभावमा श्रीलङ्का डुब्न लागेको चर्चा चल्नासाथ नेपाल राष्ट्र बैङ्कका गर्वनर महाप्रसाद अधिकारीले मौखिक रुपमा वैङ्कहरुलाई प्रतीतपत्र खोल्नका लागि कडाईको निर्देशन दिनुभयो। त्यो निर्देशनले मुलुकमा नयाँ तरङ्ग उत्पन्न भयो। मुलुकमा विदेशबाट सामान आयात नहुने डरले कतिपयले सामानहरु भण्डारण गर्न थाल्दा अचाक्ली महङ्गी बढ्यो। वास्तवमा, ६ महिनासम्मका लागि वैदेशिक मुद्रा सञ्चित छ भने सामान्य अवस्थाको रुपमा हेरिन्छ। जतिखेर, हल्ला फिँजाइएको थियो उतिखेर, एघारह महिनासम्म धान्नका लागि विदेशी मुद्रा सञ्चित थियो।

वास्तवमा नेपालमा श्रीलङ्काजस्तो अवस्था आउने तत्काल सम्भावना छैन्। तर, अधिकारिक व्यक्तिहरुले राजनीतिक उद्देश्य राखेर गैरजिम्मेवार ढङ्गले बक्तव्य दिए भने मुलुकमा अन्यौंल सृजना हुन्छ। अहिले सुपाडीमा मात्रै प्रतिकिलो रु ५००को हाराहारीमा बृद्धि भएको छ। सरकारलाई राहत दिनका लागि सोच्नुपर्ने हो। दैनिक उपभोग्यलगायतका सामानहरुको मूल्य कसरी घटाउने सम्बन्धमा गृहकार्य गर्नुपर्ने हो।

व्यापारीहरुले आपसी मिलेमतोमा वस्तुको मूल्य निर्धारण गर्छन्। नेपाल सरकारले बजारको मूल्य किन अकासिए भन्ने सम्बन्धमा कहिँलेपनि खासै चासो लिदैनन्। नेपालमा उत्पादित वस्तुको मूल्य निर्धारणको मापदण्ड स्पष्ट हुनुपर्छ। विदेशबाट आयातीत वस्तुको भंसार मूल्यको आधारमा मूल्य निर्धारण गर्नुपर्छ। त्यस्तो नगर्ने व्यापारीमाथि कडा कारवाही गर्नुपर्छ।

सरकारलाई मात्रै दोष दिएर हुँदैन् उपभोक्ताको पनि दोष उत्तिकै छ। कहिँलेपनि महङ्गीको विरोधमा सशक्त ढङ्गले आवाज उठाउँदैनन्। पेट्रोलियम पदार्थको मूल्य बृद्धि भएपछि सडक तातिन्छ। घरायशी उपभोग्य वस्तुको मूल्य पसलपिच्छै फरक छ। कसले हेर्ने हो। सत्ता कसरी जोगाउने र सत्तामा कसरी पुग्ने खेलमा दलहरु तल्लीनरहेमा श्रीलङ्काभन्दा पनि खराव अवस्था निमत्न सकिन्छ।

यस विषयमा सरकारलाई गम्भीर रुपमा छलफल गरी भ्रष्टाचारलाई न्यूनीकरण, कर्मचारीलाई सेवाग्राहीप्रति इमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्ने र दलहरुलाई सत्तामुखीभन्दा जनतामुखी हुनुपर्ने हो। नत्र, पाकिस्तानको जुल्फिकर भुट्टोको फासीले पञ्चायत ढाल्नका लागि आधार तयार गरेको थियो भने श्रीलङकाको घटनाले के गर्ने हो भन्न सकिन्न। 'इतिश्री'!

# विद्यापति पुरस्कारलाई सुधारौं या खारेज गरौं



**अमरेन्द्र यादव**

वरिष्ठ साहित्यिकार एवं राजनीतिक व्यक्तित्व रमेश रन्जन झा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा लगातार दुई पटक प्राज्ञ (परिषद् सदस्य) भइसके। संघीय सरकारको मुख्य सचिव स्तरीय पारिश्रमिक र सुविधा लिएर उनले आठ वर्ष काम गरे। समकालीन मैथिली साहित्यका लगभग सबै विधा-नाटक, गीत, कविता, कथा र उपन्यासमा उनको उल्लेखनीय योगदान छ। यी विधामा दर्जनजति उनका साहित्यिक पुस्तक पनि प्रकाशित छन्।

भनिन्छ विद्यापति पुरस्कारको स्थापनामा पनि रमेश रन्जनको पनि योगदान छ। तर यो पुरस्कार प्रदान गर्न थालिएको १० वर्ष बितिसक्दा पनि रमेश रन्जनलाई यो पुरस्कार दिइएन। यसको रिस, क्षोभ, कुण्ठा र वितृष्णा उनको मनमा अवश्य पनि थेग्रिएर बसेको हुनुपर्दछ। संयोगले यस पटक रमेश रन्जनले पुरस्कार हात पार्न राजनीतिक रुपमा असाध्यै अनुकूल वातावरण पाए। अहिले उनी माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीका साहित्य तथा संस्कृति विभाग प्रमुख छन्। उनको पार्टी संघीय सरकारमा प्रमुख रुपमा सहभागी छ। विद्यापति पुरस्कार कोषसँग सम्बन्धित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा उनकै पार्टीका कमरेड मन्त्री छन्। फलतः उनले विद्यापति पुरस्कार सञ्चालक परिषद्का सदस्य सचिवसहितका पदाधिकारी र सदस्य पदमा आफ्नो अनुकूल व्यक्ति चयन गर्न लगाए। रमेश रन्जनले पुरस्कार चयन परिषद्का पदाधिकारी र सदस्यको चयनलाई पनि नराम्ररी प्रभावित गरे। यो मैले मात्रै होइन। जनकपुरदेखि काठमाडौंसम्म जानकारहरुले भन्ने गर्दछन्।

यसरी रमेश रन्जनले आफ्नो राजनीतिक पृष्ठभूमिको आड र आफ्नो सत्तारुढ पार्टी र मन्त्रीको प्रभावमा सबै तारतम्य मिलाए र आफूलाई पुरस्कार दिन लगाए। त्यतिमात्र होइन, यसपटक पुरस्कृत अन्य व्यक्तित्वको चयनलाई पनि उनले आफ्नो अनुकूल बनाए। यसरी रमेश रन्जनजस्तो मैथिलीका वरिष्ठ र सबै हिसाबले योग्य साहित्यकारले दुई लाखको विद्यापति भाषा साहित्य पुरस्कार हात पार्न आफ्नो अनुकूल राजनीतिक परिस्थितिलाई कुर्न बाध्य हुनु अत्यन्तै दुर्भाग्यपूर्ण छ। प्रा.डा. रामावतार यादव, प्रा.डा. योगेन्द्र प्रसाद यादव, राजेश्वर नेपाली, परमेश्वर कापडि, धीरेन्द्र प्रेमर्षि र देवेन्द्र मिश्रजस्ता हस्तीहरुले पनि दुई लाखको विद्यापति पुरस्कारबाट सम्मानित हुन के आफ्नो अनुकूलको राजनीतिक सत्ताको प्रतीक्षा गर्नुपर्दछ ? आफ्नो अनुकूलको राजनीतिक वातावरण निर्माण नभए गुरुदेव कामत, सुनिल मल्लिक, एससी सुमन, रुपा झा, रश्मी रानी, रामा मण्डल, हरिशंकर चौधरी र मिथिला देवी यादवजस्ता अनेकौं योग्य स्रष्टाले विद्यापति पुरस्कार कहिल्यै नपाउने ? विद्यापति पुरस्कारको सन्दर्भमा यस्तो खालको दुर्भाग्य र असंगति यसलाई राजनीतिक कुप्रभावले नराम्ररी गाँज्दै लगेको अवस्थाको परिणाम होइन र ? मैथिली भाषा साहित्य क्षेत्रका केही अग्रज व्यक्तित्वबाट पटक पटक सुनेको छु कि विगत केही वर्षदेखि अयोग्य व्यक्ति र एक विधाका स्रष्टालाई अर्के विधाको विद्यापति पुरस्कार दिने कुप्रथा बढ्दै गएको छ। गीत, संगीत र सिनेमाका हस्ती मुरलीधरलाई २०७३ सालको विद्यापति अनुवाद पुरस्कार दिने निर्णय गरियो। यस्तै अर्कै क्षेत्रका रामसागर पण्डितलाई २०७४ सालको विद्यापति कला-संस्कृति पुरस्कार प्रदान गरियो। पछिल्लो १० वर्षमा विद्यापति पुरस्कार प्रदान गरिँदा यस्ता धेरै असंगतिहरु देखिएका छन्। विद्यापति पुरस्कार कोष र यसको पुरस्कार चयन परिषद्ले यस्ता असंगत निर्णयहरुको समीक्षा गर्नुपर्दैन ?

यस्तो असंगति यस पटकको पुरस्कार चयनमा पनि देखियो। यस पटक निर्मला झा र अशोक दत्तलाई संयुक्त रुपमा विद्यापति कला संस्कृति पुरस्कार प्रदान गरियो। निर्मला झा को हुन् ? खोजबीन गर्नुपर्ने अवस्था आयो। कवि एवं गीतकार अशोक दत्तलाई कला संस्कृति पुरस्कारको लागि किन चयन गरियो ? आश्चर्यमा परियो। मैले सुनेअनुसार अशोक दत्तले गत वर्ष २ लाख नगद राशिको भाषा साहित्य पुरस्कारको लागि आवेदन दिएका थिए। गत वर्ष त्यो पुरस्कार नपाएपछि यस वर्ष दत्तले भाषा साहित्य पुरस्कारका साथै कला संस्कृति पुरस्कारको लागि पनि आवेदन दिए। उनलाई भाषा साहित्य पुरस्कार दिन नसकिएपछि दत्तको मन राख्नको लागि कला संस्कृति पुरस्कार दिइएको जस्तो देखिन्छ। जुन अत्यन्तै अनुचित छ। यो सम्बन्धित स्रष्टाको अनादर मात्र होइन, गलत नजिरको पुनरावृति पनि हो। यस्तो गलत निर्णयले गायन र संगीत क्षेत्रका एक जना वरिष्ठ स्रष्टा सम्मानित हुनबाट वञ्चित भएका छन्।

यस्तै, मिथिला चित्रकला अत्यन्तै प्रतिस्पर्धी र उन्नत विधा भइसकेको छ। मिथिला चित्रकारहरुले विदेश भ्रमण गर्ने गरेका छन्। अनेकौं एकल र दर्जनौं सामूहिक चित्रकला प्रदर्शनीमा देश र विदेशमा सहभागी हुने गरेका छन्। केही चित्रकारका अनेकौं मिथिला चित्रले सामाजिक र ऐतिहासिक महत्व स्थापित गरेका छन्। उनीहरुका चित्रहरुले सामाजिक र सांस्कृतिक योगदान दिइरहेका छन्। यस्ता हाइप्रोफाइल र चमकिलो छवि भएका मिथिला चित्रकारहरुको कमी नरहेको अवस्थामा निर्मला झालाई किन पुरस्कार दिइयो ? बायोडाटामा १५ वा बीस वर्षदेखि चित्रकला क्षेत्रमा लागेको भनेर लेखिएको भरमा निर्मला झालाई कला संस्कृति पुरस्कार दिनु कतिको उचित हो ? यस पुरस्कारका लागि के उनीभन्दा हाइप्रोफाइल र राम्रा चित्रकारले आवेदन दिएका थिएनन् ? यदि दिएका थिएनन् भने एससी सुमन र मिथिला देवी यादवजस्ता चित्रकारलाई आवेदन दिन लगाएर वा ससम्मान बोलाएर उनीहरुलाई पुरस्कृत गर्न सकिँदैन्थ्यो ? अवश्य पनि सकिन्थ्यो। तर मनोगत हिसाबले आफ्नो गोजीका व्यक्तिलाई पुरस्कार दिने चलनले यस्तो सम्भव भइरहेको छैन।

विद्यापति पुरस्कार कोषको विधान र पुरस्कारसम्बन्धी कार्यविधिअनुसार एक लाख नगद राशिको विद्यापति कला संस्कृति पुरस्कार एक जना स्रष्टालाई प्रदान गर्ने गरिन्थ्यो। गत वर्षदेखि किन दुई जनालाई पुरस्कृत गर्न थालियो ? के कला र संस्कृति क्षेत्रका कलाकार भाषा र साहित्य क्षेत्रका विद्वानभन्दा कमजोर हुन्छन् ? के साँच्चै उनीहरुको क्षमता र योगदान दोस्रो दर्जाका हुन्छन् ? मैथिली गीत, संगीत र मिथिला चित्रकला रत्तिभर पनि मैथिली भाषा र साहित्यभन्दा कमअसल छैनन्। अनि एक लाखको पुरस्कार राशिलाई दुई भागमा बाँडेर चित्रकार र संगीत तथा सिनेमा क्षेत्रका कलाकारलाई प्रदान गरी उनीहरुलाई किन होच्याउन थालिएको हो ? के उनीहरु दोस्रो दर्जाका स्रष्टा हुन् ?

मैथिली प्रज्ञा क्षेत्रका अग्रज स्रष्टाहरुले विगत केही वर्षदेखि विद्यापति पुरस्कारको विभिन्न आयामबारे गम्भीर प्रश्न उठाउन थालेका छन्। उनीहरुले विद्यापति पुरस्कार संचालक परिषद् र पुरस्कार चयन परिषद्को छनोटमा प्रश्न गर्न थालेका छन्। व्यक्तिगत स्वार्थ र कुष्ठा एवं राजनीतिक प्रभावले आफ्ना आसेपासेलाई पुरस्कार संचालक परिषद् र चयन परिषद्मा भर्ना गर्न थालिएकोमा उनीहरुको आपत्ति नाजायज छैन। यस्तै अनुसन्धान पुरस्कारलाई लेखन र अनुसन्धान वृत्तिको विकासका लागि उपयोग गर्नुपर्ने सल्लाहलाई पनि नजरअन्दाज गर्नुहुँदैन। त्यसैगरी, विद्यापति अनुवाद पुरस्कारलाई विस्थापित गरेर संगीत र सिनेमा क्षेत्रका स्रष्टाको लागि एक लाखको पुरस्कारको व्यवस्था गर्दा सुनमा सुगन्ध हुन्छ। यस्तै, कला संस्कृति पुरस्कारलाई केही परिमार्जित गरेर मिथिला चित्रकारलाई मात्र प्रदान गर्ने प्रावधान बनाउँदा धेरै राम्रो छ।

विद्यापति पुरस्कारमा देखिन थालेको मुख्य समस्या भनेको राजनीति, भनसुन र कृपावाद हो। यससम्बन्धी आरोप व्यापक रुपमा सुनिन थालिएको छ। यस्तै जातिवाद र जिल्लावादले पुरस्कारको गरिमा र विश्वस्नीयतामा नै प्रश्न खडा गरेको धेरै जनकपुरियाहरुकै भनाइ छ। मेरो पछिल्लो जनकपुर यात्राको क्रममा केही व्यक्तिले अधिकांश ब्राह्मण र कायस्थ जातिका स्रष्टालाई नै पुरस्कार दिनुछ भने पुरस्कार वितरणको यस्तो नाटक किन गरिएको भन्ने चर्चा मसँग गरेका थिए। विद्यापति पुरस्कारबाट बृहत्तर मैथिली भाषी समाजलाई सम्मानित गर्न नचाहेको तर एक एक जना साह र यादव वा अन्य जातिका व्यक्तित्वलाई पुरस्कृत गरेर अधिकांश पुरस्कार ब्राह्मण र कायस्थ जातिमा सीमित गर्न खोजिएको उनीहरु आरोप लगाउँछन्। ती जनकपुरियाहरुका अनुसार यदि यादव र साहजस्ता केही जातिका स्रष्टालाई ललिपप चुसाएर ब्राह्मण र कायस्थ जातिका व्यक्तित्वलाई नै सम्मानित गर्नुछ भने पुरस्कार चयनको नाटक किन गर्नुपऱ्यो ? एक करोडको अक्षय कोषलाई सिधैं मैथिल ब्राह्मण महासभा र चित्रगुप्त सेवा समितिलाई बाँडेर दिए भइहाल्यो नि भन्ने उनीहरुको विचार थियो। मेरो विचारमा विद्यापति पुरस्कारबारे विकसित हुँदै गएको यस किसिमको अवधारणालाई पनि मनन गर्नुपर्दछ।

विद्यापति पुरस्कार स्थापना र वितरण सुरु भएको १० वर्षभन्दा बढी भइसक्यो। पुरस्कृत व्यक्तित्व चयन गर्ने क्रममा प्रत्येक वर्ष विभिन्न विकृति र असंगति घटित हुँदै गएको छ। यसले दिनानुदिन पुरस्कारको गरिमा र यसप्रतिको आकर्षण घट्दै गएको छ। अब चाहिँ विद्यापति पुरस्कारको समग्र समीक्षा हुनुपर्दछ। म आफैं २०७७ सालको विद्यापति पाण्डुलिपी पुरस्कार विजेता हुँ। यसको निर्मम समीक्षामा सहयोग गर्न र इतिहासको कठघरामा उभिन म तयार छु। दश वर्षको अवधिमा पुरस्कारसँग सम्बन्धित पर्दापछाडि र अगाडि रहेका सम्पूर्ण व्यक्ति, पुरस्कार संचालक परिषद् र पुरस्कार चयन परिषद, पुरस्कृत व्यक्तित्व र कृतिमाथि सकल मिथिला समाजले समीक्षा गर्नुपर्दछ। विद्यापति पुरस्कारबारे समीक्षा र मन्थन गर्न ढिलो गर्नुहुँदैन। समीक्षा र मन्थनबाट यस पुरस्कारको गिर्दो साखमा सुधार ल्याउन सक्दैनौं भने हामीले विद्यापति पुरस्कार खारेजीको लागि पहल थाल्न संकोच मान्नुपर्दैन।

## कांग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्छ : नेता कोइराला

चितवन । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले सङ्घीय र प्रादेशिक निर्वाचनमा कांग्रेसलाई कम क्षति हुनेगरी गठबन्धनमा जानुपर्ने बताउनुभएको छ ।

नेपाल प्रेस युनियनले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल जारी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गठबन्धनमा कसरी जाने भन्ने विषयमा छलफल भइरहेको छ, गठबन्धन गर्दै गर्दा कांग्रेसलाई कमभन्दा कम क्षति हुने गरी जानुपर्छ ।"

स्थानीय तहको निर्वाचनमा आफ्ना कार्यकर्ताभन्दा पनि मतदाता कति हुन् भन्ने बुझ्न कठिन भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय निर्वाचनमा हामीले रुखमा, हसिया हथौडामा, कलममा, छातामा मतदान गर्न भन्यौं, तर आफ्ना मतदाता कति हुन् भन्ने बुझ्न सकिएन ।" फरक प्रसङ्गमा उहाँले नेपाली कांग्रेस कुनै समूहको पार्टी नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "कांग्रेस विधिविधानअनुसार हिँड्नुपर्छ ।" पार्टी सभापतिले सबैलाई मिलाएर हिँडाउनुहुन्छ भन्ने चाहना आफ्नो रहेको उहाँले बताउनुभयो । आफू भागबण्डाका पक्षमा नरहेको जनाउँदै उहाँले पार्टी वैधानिकरूपमा चलोस् भन्ने रहेको जिकिर गर्नुभयो ।

आफूसँग विचार मिल्ने साथीसँग छलफल गर्दा भाग खोज्यो भन्नु हल्ला रहेको उहाँको भनाइ थियो । कांग्रेस कम्युनिष्ट प्रवृतिबाट जान नहुने भन्दै उहाँले सरकार र सभापतिले गरेका नकारात्मक कुराको खण्डन गर्दै पार्टी बलियो बनाएर लैजानुपर्ने बताउनुभयो । कांग्रेसको नेतृत्वमा सरकार छ भन्दैमा सरकारले गरेका गलत कामको खण्डन गर्नु हुँदैन भन्ने नरहेको उहाँको भनाइ थियो । रासस

## 'रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका छ'

काठमाण्डु । काठमाण्डुका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले राष्ट्र निर्माण र रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

ठमेल पर्यटन विकास परिषद्को २५, २६ र २७ औँ वार्षिक साधारणसभा एवं निर्वाचनको आज उद्घाटन गर्दै उहाँले राष्ट्र निर्माण र रोजगारी सिर्जनामा पर्यटन क्षेत्रले खेलेको भूमिका अतुलनीय रहेको उल्लेख गर्नुभयो ।

"पर्यटन क्षेत्रले नेपाललाई अन्तर ाष्ट्रियस्तरसम्म चिनाएको छ, कोरोनाबाट थलिएको पर्यटनलाई अगाडि बढाउन स्थानीय प्रशासन सधैँ सहयोग गर्न तयार छ", उहाँले भन्नुभयो । केही पर्यटन व्यवसायीबाट ठमेललाई बद्नाम गराउने कार्य भएको भन्दै उहाँले त्यस्ता व्यवसायीमाथि स्थानीय प्रशासनले निगरानी गरिरहेको उल्लेख गर्नुभयो ।

प्रजिअ रिजालले देशकै पुरानो पर्यटकीय क्षेत्रलाई जोगाएर राख्नु सबै व्यवसायी तथा घरधनीको उत्तिकै दायित्व हुने बताउनुभयो । काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले ठमेल क्षेत्रमा कसरी




पर्यटक बढाउन सकिन्छ भन्नेबारे सोच्न सबै व्यवसायीलाई आग्रह गर्नुभयो । ठमेलको विकासका लागि स्थानीय सरकार सधैँ सहकार्य गर्न तयार रहेको उहाँको भनाइ थियो ।

"ठमेलको विकासका लागि सोच्नुभन्दा पनि कसरी नेतृत्व आफ्नो हातमा ल्याउन सकिन्छ भन्नेबारे व्यवसायी लागेका छन्, यो ठमेलका लागि दुर्भाग्य हो", उहाँले भन्नुभयो । रात्रिकालीन व्यवसायलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्नेबारे व्यवसायीले सोच्नुपर्ने बेला आएको अध्यक्ष तिवारीको भनाइ छ ।

ट्रेकिङ एजेन्सिज एशोसियशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीले रोजगारी सिर्जना गर्ने व्यावसायिक थलो ठमेलको विकासमा सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । ठमेल पर्यटन परिषद्का पूर्वध्यक्ष डा रामशरण थपलिया र समीर गुरुङले घरधनी तथा व्यवसायी मिलेर ठमेल क्षेत्रको विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

विसं २०४७ मा स्थापना भएको ठमेल पर्यटन परिषद्मा नयाँ नेतृत्वका लागि आज निर्वाचन हुँदैछ । निर्वाचनमा ठमेल क्षेत्रका एक हजार ५९९ घरधनी तथा व्यवसायीले आफ्नो मताधिकार प्रयोग गर्ने परिषद्का अध्यक्ष प्रकाशनरसिंह राणाले जानकारी दिनुभयो । ठमेलको नयाँ नेतृत्वका लागि भविश्वर शर्मा र ध्रुव अधिकारीको समूहबीच प्रतिस्पर्धा हुने भएको छ ।रासस

## मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा गृहमन्त्रीको चासो

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणले मानव-वन्यजन्तु द्वन्द्व समाधानका लागि कसरी अगाडि बढ्ने भन्ने विषयमा सम्बन्धित मन्त्रालय र जिल्लाका अधिकारीहरूसँग छलफल गर्नुभएको छ ।



मन्त्री खाणले वन तथा वातावरण मन्त्रालयका सचिव डा प्रेमनारायण कँडेल, बर्दियाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला र झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसँग वन्यजन्तु र नागरिकबीचको द्वन्द्व कम गर्ने विषयमा छलफल गर्नुभएको हो ।

झापामा जङ्गली हात्ती मृत भेटिएको र बर्दियामा नागरिकमाथि पटक पटक बाघको आक्रमण हुन थालेपछि समस्या समाधानको पहलका लागि गृहमन्त्री खाणले सम्बन्धित निकायका प्रमुखसँग शनिबार फोनमा कुराकानी गर्नुभएको हो ।

बर्दियाको मधुवन नगरपालिका-१, २ र ३ मा जङ्गली जनावरले नागरिकलाई पटक-पटक आक्रमण गर्ने गरेका छन् । गत जेठमा बाघले पटक पटक आक्रमण गरेपछि मधुवन नगरपालिका-२ का स्थानीय बासिन्दाले आन्दोलन गरेका थिए ।

उक्त घटनापछि मधुवन नगरपालिकाका प्रमुख तेजबहादुर भाटसहितको टोलीले काठमाडौँ आएर प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री खाणलाई भेटी वन्यजन्तुको आक्रमण रोक्न जङ्गल र बस्तीबीचमा तारबारको व्यवस्था गर्न माग गरेको थियो । तारबार कसरी र कुन निकायमार्फत गर्ने भनेर गृहमन्त्री खाणले आफूसँग छलफल गरेको बर्दियाका प्रजिअ बस्तोलाले जानकारी दिनुभयो ।

वन क्षेत्रबाट बाघ बस्तीमा प्रवेश गर्न नपाऊन् भनेर तारबारका लागि जिल्लाबाट बजेट छुट्याउन केन्द्रमा माग गरिएको पनि प्रजिअ बास्तोलाले बताउनुभयो ।

गृहमन्त्री खाणले वन सचिव कँडेलसँग पनि जङ्गली जनावर बस्तीमा पस्न नदिन के के गर्न सकिन्छ भनेर छलफल गर्नुभएको थियो । गृहमन्त्री खाणले झापाका प्रजिअ रिजालसँग त्यो जिल्लाको घटनास्थितिका बारेमा जानकारी लिनुभएको थियो ।रासस

## नेपाललाई श्रीलङ्का हुन नदिन भ्रष्टाचार निर्मूल गर्नुपर्छ : डा कोइराला

नवलपुर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले नेपाललाई श्रीलङ्का हुनबाट जोगाउन भ्रष्टाचार निर्मूल गर्नुपर्नेमा जोड दिनुभएको छ ।

सबैले भ्रष्टाचार गर्दैनौं भनेर प्रतिबद्ध भएको अवस्थामा मुलुक श्रीलङ्का हुनबाट जोगिने उहाँको भनाइ थियो ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा आयोजित कार्यक्रममा केन्द्रीय सदस्य डा कोइरालाले भन्नुभयो, "हाम्रा नेतृत्वहरू अहिले पनि के नेपाल श्रीलङ्का जस्तै हुन्छ भन्दै हिँडेका छन् तर सुशासन दिन्छौँ, पारदर्शिता अपनाउँछौँ, भ्रष्टाचार



गर्दैनौं भन्नुपर्छ । यति गर्न हामी श्रीलङ्का बन्दैनौं ।" देश अप्ठ्यारो परिस्थितिबाट भने अगाडि बढिरहेको छ तर नेतृत्वहरूले बुझेर पनि बुझ पचाएका टिप्पणी उहाँले गर्नुभयो । "नेपाल श्रीलङ्का बन्न लागेकोप्रति सबै नेपालीलाई चिन्ता छ", नेता डा काइरालाले भन्नुभयो, "सबै नेपालीले कम्मर कसेर अठोट गरे अहिलेको अवस्थाबाट पार लगाउन सकिन्छ ।"

भरतपुर अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलले लेख्नुभएको 'लय छुटेको समय' पुस्तक विमोचन गर्दै उहाँले आगामी निर्वाचनमा कांग्रेसको सिद्धान्त र विचारलाई कायम गर्दै कम क्षति हुनेगरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

पुस्तकका लेखक प्राडा पौडेलले पुस्तकभित्र कथा, कविता, संस्मरणसँगै बिरामी र चिकित्सकको भोगाइहरू समावेश गरिएको बताउनुभयो ।

पचास प्रतिशतभन्दा बढी रोगको उपचार समाजमै भएको उल्लेख गर्दै उहाँले बिरामीको उपचार कसरी हुन्छ, उपचार गर्दा के कुरामा ध्यान दिनुपर्छ भन्ने विषयलाई समाहित गर्दै डाक्टरको व्यथा भन्नाका लागि पनि पुस्तक लेखेको बताउनुभयो । उक्त पुस्तक साङ्ग्रिला बुक्सले प्रकाशन गरेको हो ।रासस

## जगदीशपुरले नागरिकको जीवनशैली बदल्छ : मुख्यमन्त्री केसी

चन्द्रौटा । लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले कपिलवस्तुको जगदीशपुर तालले यहाँका नागरिकको जीवनशैली बदल्ने बताउनुभएको छ । शनिबार आयोजित 'बर्ड स्याङ्चुरी' घोषणा कार्यक्रममा उहाँले जगदीशपुरमा पाहुना चरासँगै मानिसलाई पनि ल्याउनुपर्ने र यहाँका नागरिकको जीवनमा परिवर्तन आउने बताउनुभयो । मुख्यमन्त्री केसीले पाहुना चरालाई बासस्थानसँगै चरालाई यहाँ बसौँबसौँ लाग्ने र प्राकृतिक सौन्दर्यता हुने गरी काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले विसं २०२८ मा स्थानीय नागरिकरूको सिँचाइका लागि निर्माण गरेको तालमा अहिले विश्वव्यापीरूपमा रहेका चराको बासस्थान बन्न सफल भएको स्मरण गर्नुभयो । मुख्यमन्त्री केसीले प्रदेशले बर्ड स्याङ्चुरीको कार्यविधि निर्माण गरिएकाले अब निरन्तर तालको विकास गर्ने बताउनुभयो । उहाँले काललाई जीवनशैलीसँग जोडेर यहाँका नागरिक आत्मनिर्भर बन्न सक्ने जिकिर गर्नुभयो ।

ताल क्षेत्रमा सौन्दर्यकरण गरेर पर्यटक आउँदा यस्तो भएछ भनेर चर्चा हुने गरी काम हुने छ', मुख्यमन्त्री केसीले भन्नुभयो, 'कुन चरालाई कुन वनस्पति मन पर्छ त्यही वनस्पति लगाएर विश्वका थप चरा आउने गरी विकास गर्नेछौँ ।'

उहाँले लुम्बिनी आउने पर्यटकलाई जगदीशपुर ल्याई घुमाउने वातावरण सिर्जना गरिने बताउनुभयो । देशकै ठूलो सम्पदाका रूपमा जगदीशपुर काललाई हेर्न सकिने भएकाले यहाँका नागरिकले पाहुनाघर, घरबास, होटल निर्माण गरी आयआर्जनसँग जोडिन सक्ने मुख्यमन्त्री केसीले बताउनुभयो । रासस

## काहुँ धर्मकाया बुद्ध मण्डला प्रदेश सरकारको प्राथमिकतामा

गण्डकी । पोखराको उत्तरपूर्वी भेगमा अवस्थित रमणीय काँहु डाँडामा निर्माण गर्न लागिएको धर्मकाया बुद्ध मण्डलालाई गण्डकी प्रदेश सरकारले प्राथमिकतामा राखेको छ ।

धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिको सक्रियतामा पोखरा महानगरपालिका-११ मा १ सय ७८ रोपनीमा बुद्धमूर्तिसहितका संरचना निर्माण गर्न लागिएका छन् । विशाल बुद्धको मूर्तिसहित ठूलो सङ्ख्यामा साधकले एकसाथ ध्यान गर्ने मिल्ने ध्यानस्थलका रूपमा यसको विकास गर्न लागिएको छ । समितिका उपाध्यक्ष राजबहादुर गुरुङ बुद्ध मण्डला निर्माण गर्न देश विदेशमा रहेका विभिन्न व्यक्तिको दान तथा खरिदबाट आठ रोपनी जग्गा प्राप्त भएको बताउनुहुन्छ । अन्य जग्गा धारापानी सामूदायिक वन उपभोक्ता समितिले उपलब्ध गराएको हो ।

सबै जग्गाको उपयोग हुने गरी ध्यानस्थल, स्तूपा, पुस्तकालय, पर्यटन केन्द्रलगायत संरचना निर्माण गरिने भएको छ । गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन बनाउने तयारी छ । मण्डला निर्माण कार्य प्रदेश सरकारको प्राथमिकतामा राहेको प्रदेश कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापा बताउनुहुन्छ ।मण्डला स्थापनापछि उक्त क्षेत्रको पर्यटकीय र रोजगारीमा टेवा पुग्नेछ । प्रदेश सरकारले आर्थिक वर्ष ०७९/८० मा यसका लागि रु ७० लाख विनियोजन गरेको छ । "प्राविधिक समस्या समाधान गरी निर्माणको काम अघि बढाउनु पर्छ", थापाले भन्नुभयो । स्थानीय, प्रदेश र सङ्घीय सरकारको समन्वयमा संरचना निर्माण गरिनेछ । "यो क्षेत्र पर्यटकीय गन्तव्य बन्छ", समितिका कार्यवाहक अध्यक्ष भरतराज शाक्य भन्नुहुन्छ ।


भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गत वर्ष नेपाल भ्रमणका क्रममा संसद्मा सम्बोधनपछि पोखरालाई बुद्ध सर्किटसँग जोड्न तत्कालीन क्षेत्रीय प्रशासक दिनेशकुमार थपलियाको संयोजनमा बैठक बसी सुरुमा सिद्धार्थ यशोधराको मूर्तिसहितको उद्यान निर्माण गर्न समिति गठन गरिएको थियो । पहिला बुद्ध मण्डला निर्माण गर्ने योजना समितिको छ । मण्डला निर्माण गर्न सिङ्गापुरका नागरिक क्याथरिङ तानले डिजाइन गरिरहेको शाक्यले जानकारी दिनुभयो । पोखरा शहर, फेवाताल र हिमाल एकसाथ अवलोकन गर्न मिल्ने मण्डला निर्माण गर्न लागिएको छ । रासस

## वाइसिएलद्वारा अर्थतन्त्र सुधार्ने प्रयास गर्न माग

काठमाण्डु । योङ कम्युनिष्ट लिग (वाइसिएल) नेपालले कोरोना महामारीको विश्वव्यापी प्रभावका कारण नेपाली अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव न्यूनीकरण गर्ने सरकारका प्रयास पर्याप्त नभएको भन्दै अर्थतन्त्रका सूचकलाई सकारात्मक र सन्तुलित राख्न राज्यका तर्फबाट आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको छ ।

वाइसिएल नेपालले शनिबार प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन, उत्पादनमुखी अर्थतन्त्रको निर्माण, अनावश्यक खर्च कटौती र आर्थिक मितव्ययितालगायत उपाय अवलम्बन गरी मुलुकले झेल्नुपरेका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको हो ।

राज्यका उच्च निकायमा कार्यरत अधिकारी नै 'नेपाल श्रीलङ्का बन्न सक्छ' भन्ने अभिव्यक्ति दिँदै निराशाको सञ्चार गर्ने र परिस्थिति भड्काउने षडयन्त्रमा लागेको भन्दै वाइसिएलले त्यस्ता निराशावादी अभिव्यक्ति दिने जिम्मेवार अधिकारीलाई कारबाही गर्न



माग गरेको छ । वाइसिएलले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी प्रतिपक्षी दलको अर्थ तथा योजना विभागको सदस्य रहेको भन्ने विषय सार्वजनिक भइसकेकाले गभर्नरलाई यथाशीघ्र पदमुक्त गरी छानविनको दायरामा ल्याउन माग गरेको छ ।

अर्थतन्त्रले जटिल परिस्थितिको सामना गरिरहेको परिस्थितिमा नेपाल प्रहरीका लागि थप हतियार खरिदका निम्ति बजेटको व्यवस्था गरिनु राष्ट्रिय आवश्यकता र नागरिक चाहना हुन नसक्ने ठहर गर्दै वाइसिएलले हतियार खरिदका लागि निकासा गरिएको बजेट खारेज गर्न माग गरेको छ ।

आर्थिक क्षेत्रमा पारदर्शीता र मितव्ययिता कायम गर्दै अनुत्पादक क्षेत्रको बजेट कटौती गर्नुपर्ने अवस्थामा गण्डकी प्रदेशका मुख्यमन्त्री, मन्त्री र राजनीतिक नेताका परिवार तथा आफ्न्तका नाममा स्थापना भएका संस्थाका लागि ठूलो रकम विनियोजन गरिएकामा आफूहरूको ध्यानाकृष्ट भएको जनाउँदै वाइसिएलका अध्यक्ष सुमन देवकोटाले ज्ञापनपत्रमार्फत बजेटका त्यस्ता प्रावधान खारेज गरी लोकतन्त्रप्रति जनविश्वास बढाउन सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आग्रह गरिएको जानकारी दिनुभयो ।


वर्षायाममा आउने बाढी पहिरो, हिउँदको समयमा हुने आगजनीलगायत प्राकृतिक प्रकोपका कारण सयौँ नेपालीले ज्यान गुमाउनुपर्ने अवस्था देखिएको जनाउँदै वाइसिएलले नागरिकको सुरक्षा, राष्ट्रिय एवं नागरिकको सम्पत्तिको संरक्षण र युवाहरूको सीप एवं क्षमताको अभिवृद्धिका लागि १८ देखि ४० वर्षभित्रका सबै युवालाई विपद् व्यवस्थापन तालिम दिन माग गरेको छ ।

"कृषि प्रधान मुलुकमा खेतीपातीका समयमा किसानले मल र बिउ पाउन सकेका छैनन्, जसका कारण कुल गार्हस्थय उत्पादनमा कृषि क्षेत्रको योगदान संकुचित हुने खतरा बढिरहेको छ, नयाँ शैक्षिक सत्र प्रारम्भ भएको तीन महिना बितिसक्दा पनि विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गर्न सकेका छैनन", ज्ञापनपत्रमा भनिएको छ, "किसानका निम्ति यथाशीघ्र मलबीउ, किटनाशक औषधि र विद्यार्थीका निम्ति पाठ्यपुस्तक उपलब्ध गराउन माग गर्दछ ।"रासस

## डा.भट्टराईद्वारा कारबाही खारेजीको माग

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) का पूर्व सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले आफूसहितका नेतामाथि गरिएको कारबाहीको भर्त्सना गर्दै उक्त निर्णयको खारेजीको माग गर्नुभएको छ ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले भट्टराईसहित पार्टीका नौ नेतामाथि कारबाहीको निर्णय गरेपछि भट्टराईले शुक्रबार राति अबेर विज्ञप्ति जारी गर्दै नयाँ पार्टी पुनर्गठनमा जुट्न सबैलाई अपिल गर्नुभएको छ । अध्यक्ष यादवले भने पार्टीको विधि, विधान र पद्धतिअनुरुप नचलेकाले उहाँहरूलाई कारबाही गरिएको स्पष्ट पारेको छ । जसपाका नेता मोहम्मद इस्तियाक राईले भन्नुभयो, "पार्टीको बैठक अध्यक्षले बोलाउने हो, अर्को पक्ष (बाबुराम भट्टराई पक्षका नेता) बैठकमा सहभागी नहुनु उहाँहरूको इच्छा हो, पार्टी सञ्चालन प्रक्रिया पार्टीको राजनीतिक दलको विधानअनुरुप हुने हो ।"



सङ्घीय परिषद् अध्यक्ष भट्टराईले पार्टी रुपान्तरणका लागि अनवरतरूपमा खटिएका केन्द्रीय सदस्यलगायत सबैलाई पार्टी पुनर्गठनका लागि पनि अपिल गर्नुभएको छ । "हामी यस कारबाहीको घोर भर्त्सना गर्दै कारबाहीको निणर्य खारेज गर्दछौँ । यो परिस्थितिमा अब हाम्रो सामु पार्टी पुनर्गठनको विकल्प रहेन", विज्ञप्तिमा भनिएको छ । पार्टीभित्र लामो समयदेखि देखिएका वैचारिक, राजनीतिक, साङ्गठनिक र केन्द्रीय समिति अध्यक्षको कार्यशैलीविरुद्धको बहस उत्कर्षमा पुग्दै गर्दा केन्द्रीय समितिको अलगअलग बैठक गर्नुपरेको भट्टराईको भनाइ छ ।

सङ्घीय परिषद् अध्यक्षको अध्यक्षतामा बसेको केन्द्रीय समितिको विस्तारित बैठकले पार्टी रूपान्तरणका लागि अन्तिमसम्म प्रयत्न गरेको भन्दै उहाँले पार्टी अध्यक्ष यादवले पार्टीलाई एकताबद्ध बनाउन पहल नगरेर अवैधानिकरूपमा सङ्घीय परिषद् अध्यक्षलगायत केन्द्रीय कार्यकारिणी सदस्यलाई पदमुक्त गरेको आरोप लगाउनुभएको छ । यता भट्टराई पक्षको यही असार २८ र २९ गते काठमाडौँमा सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले पार्टी रुपान्तरणका लागि अन्तिमसम्म प्रयत्न गर्ने निर्णय गरेको थियो ।रासस


## आवश्यकता

**जानकी एकेडेमिक होस्पिटल, रामगोपालपुर न.पा. वडा नं. ९, पर्सा देवाड, महोत्तरी**मा तपसिल अनुसारको स्वास्थ्य कर्मिहरुको आवश्यक्ता रहेकोले इच्छुक तथा योग्य नेपाली नागरिकहरुको लागी यो विज्ञापन प्रकाशित गरिएको छ । विज्ञापन प्रकाशित मितिको ६ दिन भित्र आवश्यक कागजात सहित वायोडाटा akshatjmc@gmail.com मा पठाउन आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | पद | न्यूनतम शैक्षिक योग्यता | अनुभव | संख्या |
|---|---|---|---|---|
| १. | मे. ल्याव. टेक्नोलोजिष्ट | वि.एम.एल.टी. तथा संवन्धित काउनसिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | २ |
| २. | मे.ल्याव टेक्निसियन | सि.एम.एल.टी. तथा संवन्धित काउनसिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | केही |
| ३. | मे.ल्याव. असिस्टेन्ट | एम.एल.टी. तथा संवन्धित काउनसिलमा दर्ता रहेको | कम्तिमा १ वर्ष | केही |

**मिति : २०७९/४/७ शनिवार**
**सम्पर्क नं. : ९८०१५२८३९२**

## अफगानिस्तानको केन्द्रीय बैंकले एक करोड २० डलर लिलामी गर्ने

**सिन्ह्वा**

काबुल। अफगानिस्तानको केन्द्रीय बैंकले राष्ट्रिय मुद्रा स्थिर राख्ने प्रयासस्वरूप एक करोड २० लाख अमेरिकी डलर लिलामी गर्ने जनाएको छ।

द अफगानिस्तान बैंकलाई उद्धृत गर्दै राज्य संचालित बख्तर न्यूज एजेन्सीले मनी चेन्जर्स र निजी बैंकलगायतका बोलकबोलकर्ताहरूले लिलामी सुरु हुनु पूर्व केन्द्रीय बैंकमा ग्यारेन्टीको रूपमा अफगानीमा आवश्यक पैसा जम्मा गर्नुपर्नेछ। अफगानिस्तानको राष्ट्रिय मुद्रा, द अफगानी विदेशी मुद्रासँग कमजोर बनेका समय बैंकको यो निर्णय आएको हो।

तालिवान समूहको नेतृत्वमा सरकार गठन भएसँगै अफगानी मुद्रा अमेरिकी डलरलगायत अन्य विदेशी मुद्रासँग कमजोर बनेको छ। गत साता एक डलर बराबर ८८.१० रहेको अफगानी मुद्राको विनिमय दर बढेर शनिबार ८८.४० भएको छ।

यसअघि केन्द्रीय बैंकले जून २० मा एक करोड २० लाख र जुन २७ मा एक करोड २० लाख अमेरिकी डलर लिलामी गरी विदेशी मुद्राको तुलनामा राष्ट्रिय मुद्राको मूल्यलाई स्थिर राख्ने प्रयास गरेको थियो।

## मेक्सिकोमा हेलिकप्टर दुर्घटनाः चौध सैनिकको मृत्यु

**सिन्ह्वा**

मेक्सिकोसिटी। मेक्सिकोमा हेलिकप्टर दुर्घटना हुँदा १४ जना समुद्री सैनिकको मृत्यु भएको छ। देशको उत्तरी भागमा



शुक्रबार भएको उक्त दुर्घटनामा उनीहरूको ज्यान गएको हो। लागूऔषध तस्करी एवम् ओसार पसारमा संलग्नलाई पक्राउ गर्न खटिएका समुद्री सैनिक हेलिकप्टर दुर्घटनामा मारिएका मेक्सिकोको नौसेनाले आज जनाएको छ। दुर्घटनामा एकजना भने बाँचेका छन्।

नौसेनाको स्वामित्वमा रहेको ब्ल्याक हक हेलिकप्टरले उत्तरी राज्य सिनालोआमा एकदिन अघि पक्राउ परेका गुआडालाजारा कार्टेलका संस्थापक राफेल कारो क्विन्टेरो बोकेको अर्को विमानको सुरक्षा गरिरहेको थियो।

दुर्घटनामा ज्यान गुमाएकाप्रति नौसेनाले शोक व्यक्त गरेको छ। दुर्घटनाको कारण अज्ञात छ। कथित लागूऔषध तस्करको गिरफ्तारीका कारण उक्त दुर्घटना नभएको नौसेनाले जनाएको छ। राफेललाई संयुक्त राज्य अमेरिकाले आफ्ना अधिकारी एनरिकक्यामरेनासालाजारकोहत्या गरेकाले निजलाई अमेरिकासमक्ष सुपुर्दगी गर्नुपर्ने माग गर्दै आएको छ। यसै विषयलाई लिएर मेक्सीको र अमेरिकाबीचको सम्बन्ध केही समय तनावपूर्ण भएको थियो।

## रूस–यूक्रेन युद्धका कारण जी–२० को अर्थमन्त्री स्तरीय वार्ता ओझेलमा

**एएफपी**

बाली। रूस-यूक्रेन युद्धले जी-२० समूहलाई विभाजित गरेपछि इन्डोनेसियामा आयोजना भएको शनिबार सम्पन्न २० प्रमुख अर्थतन्त्रको समूहका वित्त मन्त्रीहरूको दुई दिने बैठक समाप्त भएको छ।

समूहको वैठकपछि संयुक्त विज्ञप्ति जारी गरी छलफलमा भएका निर्णयबारे सार्वजनिक गराउने परम्परा छ। यद्यपि युद्धका कारण उक्त समूहका सदस्यहरूबीच एक मत हुन नसकेपछि संयुक्त विज्ञप्तिविना नै बैठक टुङ्गिएको छ।

इन्डोनेसियाको बालीमा भएको वार्ताको क्रममा वित्त प्रमुखहरूले खाद्य तथा ऊर्जा संकटहरूको समाधान खोजेका बताइएको छ। तर बैठकका सहभागीहरूले रूसी प्राविधिकहरूले समस्याहरूलाई झनै चर्काएको आरोप लगाए।





अमेरिकी वित्तमन्त्री जेनेट येलेन, अस्ट्रेलियाका जिम चालमर्स र क्यानाडाका क्रिस्टिया फ्रिल्यान्डले शुक्रबार यूक्रेनमा गरिएको रूसी हस्तक्षेपमार्फत् भएको विश्व अर्थतन्त्रलाई प्रभावित पारिएको भन्दै यसको आलोचना गरे।

औपचारिक विज्ञप्तिको सट्टा इण्डोनेशियाले जारी गरेको १४ अनुच्छेदको वर्णन जी-२० समूहको अध्यक्षता गरेका इन्डोनेसियाली वित्त मन्त्री मुल्यानी इन्द्रावतीले समापन सम्बोधनमा गरेका छन्।

उनले अधिकांश दस्तावेजमा सहमति भएको बताइन् तर यसमा रहेका दुई अनुच्छेदले युद्धको प्रभाव र कसरी प्रतिक्रिया दिने भन्ने सन्दर्भमा सदस्यहरूको मतभेदमा केन्द्रित भएको छ। उनले भनिन्, "मेरो विचारमा यो नै सबैभन्दा राम्रो परिणाम हो।"

वार्ताको दोस्रो दिनको सुरुमा, इन्डोनेशियाका केन्द्रीय बैंकका गभर्नर पेरी वारजियोले कोभिड-१९ महामारीबाट पीडित विश्व अर्थतन्त्रलाई पुनः स्थापित गर्नमा ध्यान केन्द्रित गर्न मन्त्री तथा विश्वव्यापी वित्त नेताहरूलाई आह्वान गरे। वार्ताको दोस्रो दिनको सुरुमा, इन्डोनेशियाका केन्द्रीय बैंकका गभर्नर पेरी वारजियोले कोभिड-१९ महामारीबाट पीडित विश्व अर्थतन्त्रमा पुनः स्थापनामा ध्यान केन्द्रित गर्न मन्त्री तथा विश्वव्यापी वित्त नेताहरूलाई आह्वान गरे। अन्तरराष्ट्रिय मुद्रा कोषले आफ्नो विश्वव्यापी वृद्धि पूर्वानुमानमा कमी आएपछि यो बैठक भएको हो।

अमेरिकी मुद्रास्फीतिले मन्दीको डर उत्पन्न गर्दा यो महिनामा विश्वव्यापी आर्थिक वृद्धिदरमा थप कमी आउने प्रक्षेपण गरिएको छ। युक्रेन युद्धले विश्व बजारलाई चर्काएको, खाद्यान्नको मूल्य बढेको र मुद्रास्फीतिलाई तोडेको अवस्थामा वित्तमन्त्रीस्तरीय छलफल ओझेलमा परेको छ।

## पाकिस्तानमा कोभिडका ७३७ नयाँ सङ्क्रमित, थप १० जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानमा पछिल्लो २४ घण्टामा थप ७३७ जनामा कोभिड-१९ सङ्क्रमण भएको पुष्टि भएको छ भने र १० जनाको मृत्यु भएको छ।

स्वास्थ्य मन्त्रालयले शनिबार जारी गरेको तथ्याङ्कअनुसार सङ्क्रमितको सङ्ख्या बढेर १, ५४५, ६४७ पुगेको छ भने मृत्यु हुनेको सङ्ख्या ३०, ४३८ पुगेको छ।

शनिबार २२, ४५१ जनमा परीक्षण गरिएको थियो र सङ्क्रमण दर ३.२८ प्रतिशत पाइएको छ।

## पाकिस्तानमा बाढी पीडाप्रति चिनियाँ विदेशमन्त्री वाङको सहानुभूति

**सिन्ह्वा**

नानिङ। चिनियाँ राज्य परिषद्का सदस्य तथा विदेशमन्त्री वाङ यीले शनिबार पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टो जर्दारीलाई पाकिस्तानमा आएको बाढीका कारण भएको पीडाप्रति सहानुभूति सन्देश पठाउनुभएको छ।

आफ्नो सन्देशमा वाङले पाकिस्तानका थुप्रै भू-भागमा आएको ठूलो बाढीले पुर्याएको मानवीय एवं भौतिक क्षतिले आफू स्तब्ध भएको र पीडितहरूप्रति गहिरो समवेदना व्यक्त गरेको बताउनुभएको छ।

चिनियाँ सरकार र जनता सधैं पाकिस्तानी सरकार र जनताको साथमा उभिने पनि वाङले बताउँनु भएको छ।


## साउदी अरबका नेतासँग वाइडेनको भेटवार्ता

**सिन्ह्वा**

रियाद। अमेरिकी राष्ट्रपति जो वाइडेनले शुक्रबार साउदी अरबका नेतासँग भेटवार्ता गर्नुभएको छ। साउदी अरबको जेद्दा सहरमा उहाँहरुका बीचमा दुई पक्षीय हितका बारेमा कुराकानी भएको साउदी प्रेस एजेन्सीले जनाएको छ। दुई दिने राजकीय भ्रमणका लागि साउदी अरब आउनुभएका अमेरिकी राष्ट्रपति वाइडेनलाई राजा सलमान बिन अब्दुलाजिज अल साउदले जेद्दा स्थित अल सलाम दरबारमा स्वागत गर्नुभएको थियो।

उहाँहरुसँगको भेटवार्तामा साउदी अरबका राजकुमार मोहम्मद बिन सलमान अल साउद पनि सहभागी हुनुभएको थियो। बैठकका क्रममा राजा सलमान र राष्ट्रपति वाइडेनले दुई देशको सम्बन्धको समिक्षा गर्दै यसलाई थप बलियो, फराकिलो र राम्रो बनाउने बारेमा छलफल गर्नुभएको थियो।

रियाद र वासिङ्दनको सहकार्य र सम्बन्धलाई बलियो बनाउने उपाय र आधारका बारेमा उहाँहरुले विचार विमर्श गर्नु भएको जनाइएको छ। मध्यपूर्वको आफ्नो पहिलो भ्रमण उहाँले साउदी अरबबाट अन्त्य गर्न लाग्नुभएको छ। बुधबार सुरु भएको उहाँको भ्रमण शनिबार सकिने बताइएको छ। उहाँ यस अघि इजरायल र वेस्ट व्यङ्क जानु भएको थियो। उहाँले साउदी अरबको भ्रमण अन्त्य गर्नु पूर्वगल्फ कर्पोरेसन काउन्सीलका सदस्य नेतासँग समूहिक छलफल गर्नुहुने भएको छ। छलफलमा साउदी अरबसँगै इजिप्ट र इजरायलका नेता पनि सहभागी हुने जनाइएको छ।



## महँगीले आक्रान्त अमेरिकी घरमै पकाउँदै, साथीभाइकामा पाहुना लाग्दै

**सिन्ह्वा**

वासिङटन। बढ्दो महँगीले आक्रान्त अमेरिकी नागरिक हिजोआज घरमै खाना पकाउन, परिवारसँग रमाउन र बेलाबखत आफन्ती तथा साथीभाइकोमा पाहुना लाग्न थालेका छन्। उनीहरूले सवारी साधन हुँइक्याएर टाढाटाढासम्मको यात्रालाई पनि अहिले थाती राखेका छन्।



घरमै पर्याप्तमात्रामा खानेकुरा पकायो, सम्भवभएसम्म रेष्टुरा नगयो, घरै बस्यो। छोटो दुरीमा मात्र यात्रा गर्‍यो। खर्च जोगाउन यस्तै दैनिकी बनेको छ अमेरिकीको आजभोलि।

उत्तरी भर्जिनियास्थित एउटा सुपथमूल्य खुद्रा पसलमा भेटिएका जोन खाद्यवस्तुको चर्को मूल्यवृद्धिका कारण घरमा आफै विविध परिकार पकाउन थालेका छन्। आफ्नो पहिलो नाममात्र उद्धरण गर्न चाहने उनी विरलै रेष्टुरातिर जान्छन्। सरकारी कर्मचारी उनी एक झोला कुखुराका साँप्रा र १० टुक्रा कुखुराका पँखेटाको मूल्य उस्तै भएको बताउँछन्।

दशकौँपछि अमेरिकामा महँगी अचाक्ली बढेको छ। खर्च जोगाउन धेरै अमेरिकी नागरिकले विविध उपाय अवलम्बन गरेका छन्। अमेरिकी उपभोक्ता मूल्य सूचकाङ्क चारदशकपछि पहिलोपटक गत जेठमा ९.१ प्रतिशतले बढेको थियो। त्यसयता खाद्य सूचकाङ्क १०.४ प्रतिशतले बढ्दा मध्यमवर्गीय अमेरिकीलाई हातमुखजोर्न धौधौ भएको छ। मूल्यवृद्धि नभएका कुनै वस्तु छैनन्। दशौँलाख अमेरिकी इन्धनको मूल्य बढेपछि थप पिरोलिएका छन्।

चर्को मूल्य चुकाएर हवाईजहाजबाट यात्रा गर्ने चाहना पनि अब धेरैको रहेन। न्यूयोर्क महानगरका सेवा निवृत्त शिक्षिका ग्लोलिया ब्राण्डम्यानले हवाईजहाज नचढेको धेरै भयो। भाडा महँगो भएकाले जहाजको सट्टा मोटरकारमा यात्रा गर्दै आएको बताउने उनले पेट्रोलको बढेको मूल्यले अब त्यसमा पनि यो वर्ष कटौती गर्ने तरखरमा आफू रहेको सुनाइन्। पुरानो कारलाई मर्मतसम्भार गरेर दौडाइरहेको उनले बताइन्। उच्च मूल्यकै कारण नयाँ कार किन्न नसकेको उनको कथन छ।

उत्तरी भर्जिनियाका स्थायी बासिन्दा जेम्स पेट्रोलको मूल्य वृद्धिले तनाव बढाएको दुःखेसो गर्छन्। हरेकपटक कारको इन्धनट्याङ्क भर्दा उनले थप ३० डलर तिर्नुपर्छ। पाएसम्म र भ्याएसम्मसार्वजनिक यातायात सेवा प्रयोग गर्ने गरेको उनले बताए।

घरभाडा पनि अनपेक्षितरूपमा बढेको छ। त्यो अहिले १२ देखि २० प्रतिशतले वृद्धि भएको छ। केन्टकीको किराना पसलमा काम गर्ने आफ्नी भतिजी घरभाडा तिर्न नसकेर आफूसँगै बस्न आएकी आर्था फक्स जोन बताउँछिन्। बढ्दो आवास भाडाले घरबारविहीनको सङ्ख्या बढ्ने चिन्ता पनि अमेरिकामा बढेको छ। देशको अर्थतन्त्रसँग पनि अमेरिकी नागरिक खुशी नभएका अन्तरराष्ट्रिय मुद्राकोषका एकजना पूर्व अधिकारीले बताएका छन्।

## महामारीले बढायो जुवातासको लत

**सिन्ह्वा**

सिड्नी। कोभिड-१९ को महामारीका बेला अष्ट्रेलियाली युवामा 'अनलाइन' जुवाको लत लागेको पाइएको छ।

सङ्क्रमण नियन्त्रणका निम्ति सरकारले जारी गरेको बन्दाबन्दी आदेशको पालना गर्ने सिलसिलामा युवावर्ग अनलाईन बाजी थाप्ने, जुवातास खेल्नेलगायत गतिविधि बढेको नयाँ सर्वेक्षणले देखाएको हो।

नेशनल लाइब्रेरी अफ मेडिशिनले शुक्रबार सार्वजनिक गरेको सर्वेक्षणअनुसार १९ वर्षमुनिका एक हजार किशोरकिशोरीमध्ये ३० जनामा मानसिकरूपमा इन्टरनेट गेमिङ डिसअर्डर पाइएको छ। विकासात्मक मनोवैज्ञानिक एवम् म्याक्वेरी विश्वविद्यालयका एशोशिएट प्रफेसर वेन वारबर्टनले इन्टरनेट गेमिङ डिसअर्डरका कारण उनीहरूमा विद्यालयले दिएका गृहकार्य, पारिवारिक सम्बन्ध र मानसिक स्वास्थ्यलगायत दैनिक जीवनमा गम्भीर असर पर्नसक्ने बताएका छन्।



इन्टरनेट गेमिङ डिसअर्डरबाट प्रभावितहरूमा चिडचिडापन, विगतका आमोदप्रमोद एवम् मनोरञ्जनका कुरामा अरूची र वेवास्ता गर्ने तथा गेमिङबाट उनीहरूलाई रोक्न खोज्दा उनीहरूबाट आक्रमणसमेत हुनसक्ने मनोवैज्ञानिक वारबर्टनले सर्वेक्षणमा उल्लेख गरेका छन्।

सामाजिकरूपमा साथीभाइसँग घुलमिल हुनेभन्दा पनि इन्टरनेटमा उपलब्ध मनोरञ्जनात्मक गतिविधिमा उनीहरू अधिकमात्रामा व्यस्त रहेका पाइएको छ। प्राध्यापक वारबर्टनले अमेरिकी तथ्याङ्कलाई पनि सर्वेक्षणमा उद्धृत गरेका छन्।

सन् २०२१ मा दैनिक औसत पाँचसय २० मिनेट मनोरञ्जन स्क्रिनमा बिताएका किशोरकिशोरीको त्यो समय कोरोना महामारीअघि औसत दैनिक चारसय मिनेटमा सीमित थियो।

## जातिय दङ्गाका क्रममा सुडानमा ३१ को मृत्यु

**सिन्ह्वा**

खार्तुम। सुडानमा भएको जातिय दङ्गाका क्रममा शुक्रबार कम्तीमा ३१ जनाको मृत्यु भएको छ। देशको ब्लु नाइल प्रदेशमा घटना भएको सरकारी अधिकारीले जनाएका छन्।

देशका केही ठाउँमा जातिय दङ्गा भएका छन्, ती घटनामा परी कम्तीमा ३१ जनाको मृत्यु भएको छ भने अरु ३९ जना घाइते भएका छन्, सुरक्षा समितिले जारी गरेको वक्तव्यमा लेखिएको छ।

झडपका क्रममा १६ पसल क्षतीग्रस्त भएको पनि अधिकारीहरुले जानकारी दिएका छन्। सुरक्षाकर्मीले परिस्थीति नियन्त्रणमा लिइसकेका छन भने केही शंकास्पद व्यक्तिहरुलाई पक्राउ गरेका छन्।

सुरक्षा समितिले घटनास्थलमा कर्फ्यु आदेश जारी गरेको छ। कर्फ्यु लगाइएको क्षेत्रमा हिड्डुल गर्न, भीडभाड गर्न निषेध गरिएको छ। ब्लु नाइल प्रदेश अन्तर्गत पर्ने अल डामाजिन र अल रुसाइरिजमा स्थानीय समयअनुसार बेलुका ६ बजेदेखि विहान ०६ बजेसम्म कर्फ्यु आदेश जारी गरिएको हो।

स्थानीय बेर्टी र हौसा जातिय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीले बताएका छन्। उनीहरुले विभिन्न हतियारको प्रयोग गरेका थिए। अफ्रिकी मुलुक सुडानको पूर्वीक्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथोपियाको सिमा क्षेत्र हो। सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कट छ।

## इन्धन आपूर्तिका लागि श्रीलङ्काको रुससँग वार्ता

**एएनएफ**

कोलम्बा। श्रीलङ्कामा ऊर्जा सङ्कट बढिरहेको समय इन्धन खरिदका लागि आफ्नो सरकारले रुससँग छलफल गरिरहेको श्रीलङ्काले जनाएको छ।

मुलुकमा भइरहेको इन्धन अभाव टार्न रूसी सरकार र इन्धन उत्पादक कम्पनीसँग छलफल भइरहेको विद्युत तथा ऊर्जा मन्त्री कञ्चन विजेसेकेराले शनिबार बताए।

पत्रकार सम्मेलन बोल्दै विजेसेकेराले आर्थिक संकटले दुई करोड श्रीलङ्कालाई प्रभावित भएका समय इन्धन खरिदका लागि क्रेडिट लाइन दिएकोमा भारत सरकारको प्रशंसा गरे।

"हामीले विभिन्न देशहरूमा इन्धनको आपूर्तिका लागि अनुरोध गरेका छौं। हामीलाई मदत गर्न आउने जुनसुकै देश भए पनि हामी त्यसको मूल्यांकन गर्छौं। अहिले, भारत सरकारले मात्र हामीलाई क्रेडिट लाइन प्रदान गरेको छ," विजेसेकेराले भने।

"हामी रुस सरकारसँग पनि छलफलमा छौं। सुरुको इन्धनका लागि भएको बैठक रूसमा सम्पन्न भएको छ। हामीले आफ्नो आवश्यकता पूरा गरेका छौं र त्यसैअनुसार काम गरिरहेका छौं। श्रीलङ्कामा कस्तो प्रकारको सुविधा हुनेछ भन्ने कुरा सुन्न हामी पर्खिरहेका छौं," उनले थपे।

विजेकाराले आज 'राष्ट्रिय इन्धन पास' योजना शीर्षकमा इन्धन वितरण योजना ल्याएको छ। नयाँ पासले साप्ताहिक आधारमा इन्धनको कोटा बाँडफाँडको ग्यारेन्टी गर्नेछ।

सवारी साधन नम्बर र अन्य विवरण पुष्टि भएपछि राष्ट्रिय परिचय पत्र नम्बर अनुसार आवश्यक व्यक्तिलाई 'क्यूआर कोड' दिइनेछ।

दर्ता भएका सवारीसाधन भएका व्यक्तिहरूले आफ्नो दर्ता नम्बरको अन्तिम अङ्कको आधारमा पालो पाउनेछन्।

जारी इन्धन संकटबीच कोलम्बोमा सवारी साधनमा इन्धन भर्न पर्यटक र विदेशीलाई प्राथमिकता दिइनेछ।

द्वीप राष्ट्र श्रीलङ्का ठूलो आर्थिक संकटको चपेटामा परेका कारण खाद्यान्न, इन्धन, चिकित्सा आपूर्तिको तीव्र अभाव झेलिरहेको छ।

## पोर्चुगलमा विमान दुर्घटनामा परी चालकको मृत्यु

**सिन्ह्वा**

लिस्बन। पोर्चुगलमा भएको विमान दुर्घटनामा परी विमान चालकको मृत्यु भएको छ।

देशको भिला नोभा डे फोज कोय नगरपालिकामा शुक्रबार घटना भएको स्थानीय अधिकारीले जानकारी दिएका छन्। राष्ट्रिय आपतकालीन स्वास्थ्य सेवा संस्थाका चिकित्सकहरुको टोलीले ती चालकको घटनास्थलमै मृत्यु भएको पुष्टि गरेका छन्।

"दुर्घटनाग्रस्त विमानमा आगलागी समेत भएकाले विमान पुरै क्षतीग्रस्त भएको छ," एक स्थानीय अधिकारीले भने।

देशको हवाई तथा रेलमार्ग दुर्घटना न्युनिकरण तथा अनुसन्धान कार्यालयले घटनाको छानविनका लागि टोली परिचालन गरेको छ।

दुर्घटनाप्रति प्रधानमन्त्री मार्सेलो रिवेलो डे सौसाले दुःख व्यक्त गर्दै दुर्घटनामा परी निधन भएका विमान चालकप्रति श्रद्धान्जलि व्यक्त गर्नुभएको छ।

पोर्चुगलमा अहिले अत्यन्त गर्मी रहेको र गर्मीका कारण यस्ता दुर्घटना धेरै हुने गरेको पाइएको छ। त्यसैगरी गर्मीको समयमा आगलागी सम्बन्धी घटना पनि धेरै हुने गरेका छन्।



कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर-१२ सुर्खेत नेवारेस्थित सुरु गरिएको ड्रागन फ्रुट खेती देखाउँदै मालिका कृषि तथा ड्रागन फर्मका सञ्चालक पद्मा रावत । *तस्बिर : रासस*

# मेलम्चीवासीको समस्या समाधान गरेर मात्र पानी काठमाडौँ लैजान आग्रह

सिन्धुपाल्चोक । हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले मेलम्चीवासीको समस्या समाधान गरेर मात्र यहाँको पानी काठमाडौँ लैजान आग्रह गर्नुभएको छ । बाढीले तहसनहस बनाएको हेलम्बुलाई सङ्घीय सरकारले बेवास्ता गरेको उहाँको गुनासो थियो ।

स्थानीय सरकार र केन्द्र सरकारबीच तालमेल नमिल्दा विगत लामो समयदेखि काठमाडौँवासीको सपनाका रूपमा रहेको मेलम्ची खानेपानी आयोजना फेरि अन्योलमा परेको छ । स्थानीयवासीका समस्याप्रति आयोजना र सङ्घीय सरकार उदासीन रहेका कारण मेलम्चीको भविष्य अन्योलमा परेको अध्यक्ष शेर्पाको आरोप थियो ।

पछिल्लो समय गत असार र साउनमा आएको भीषण बाढीले बाटोघाटो पुलपुलेसा सबै बगाएपछि अवरुद्ध भएको आयोजनामा गाउँपालिकाकै सक्रियता र सहयोगमा सञ्चालन भएको थियो ।

मेलम्चीको पानी काठमाडौँ पठाउने क्रममा गत चैत २९ गते उक्त गाउँपालिकाले स्थानीयवासीको समस्या समेटेर खानेपानीमन्त्री उमाकान्त चौधरीमार्फत प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ११ बुँदे ध्यानाकर्षण पत्र पठाएको थियो ।

मेलम्ची खानेपानी पीडित क्षेत्रका बासिन्दाका लागि सञ्चालित स्थानीय सामाजिक उत्थान कार्यक्रम (सुप) स्थानीय सरकारमार्फत सञ्चालन गर्नुपर्ने, स्थानीयवासीले पाउने खानेपानीको महसुल लेवीको टुङ्गो लगाउनुपर्ने, स्थानीय बाढीपीडितहरूलाई कम्तीमा प्रतिपरिवार रु २० लाख उपलब्ध गराउनुपर्ने, बाढीका कारण बगेका व्यवसायीहरूको व्यवसाय पुनःस्थापनामा सहयोग गर्नुपर्नेलगायत मागहरू उक्त ध्यानाकर्षणपत्रमा समेटिएको थियो ।

हेलम्बुका समस्याबारे जानकार हुँदाहुँदै र पटक-पटक स्थानीय जनसरोकारका विषयमा अवगत गराउँदा पनि नेपाल सरकारको आव ०७९/८० को नीति तथा कार्यक्रम र बजेटमा समेत आयोजनाका विषयमा एक शब्द पनि नबोलिनु दुःखद भएको गाउँपालिका अध्यक्ष शेर्पाले गुनासो गर्नुभयो ।

उहाँले आयोजनामा अफ्ठ्यारो पर्दा स्थानीय सरकारका तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम गरेर केन्द्र सरकारलाई सहयोग गरे पनि आफूहरूको समस्या समाधानमा भने चासो नदेखाएको उहाँको गुनसो थियो ।रासस'

# प्याराग्लाइडिङ विस्थापन नभई व्यवस्थापन गर्न व्यवसायीको माग



पोखरा । अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै पोखराको साहसिक पर्यटकीय पहिचान बनेको प्याराग्लाइडिङ विस्थापित हुने हो कि भन्ने कुराले प्याराग्लाइडिङ व्यवसायीलाई चिन्तित बनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल पोखरामा ल्याउन सक्रिय व्यवसायी त्यही विमानस्थलले भण्डै रु डेढ अर्ब लगानीको व्यवसाय विस्थापित हुने हो कि भन्ने चिन्तामा छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सकिएकाले आगामी जनवरीमा सञ्चालनमा ल्याउने तयारी गरेको छ । सोको लागि प्याराग्लाइडिङलाई विकल्पको छनोट गरेर सार्न निर्देशन दिइएको छ ।

तर, व्यवसायीको माग पोखराको आकाशबाट विस्थापन नभई व्यवस्थापन हुनुपर्छ भन्ने छ । "प्याराग्लाइडिङ साहसिक पर्यटनको एउटा ब्राण्ड हो, पोखराको आकाशमा उड्न जति पर्यटक रमाउँछन् त्यो अन्यत्रबाट हुँदैन । तसर्थ यही कतै व्यवस्थापन गर्नुपर्छ", नेपाल हवाई खेलकुद संस्था (ना)का अध्यक्ष सुनिलबहादुर भट्टराईले भन्नुभयो । उहाँले सरकारले चाह्यो भने समय छुट्टाएर यही आकाशबाट उडाउन सक्ने र आफूहरूको पनि त्यही माग भएको बताउनुभयो ।

"हामी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने भन्ने विषयमा जति उत्साहित भएका थियौँ, अहिले विमानस्थल निर्माणसँगै कतै आफ्नै व्यवसायनै विस्थापित हुन्छ कि भन्ने चिन्ताले पिरोलिएका छौँ", भट्टराईले थप्नुभयो । जहाज उडानको समय तालिकालाई ध्यान दिएर प्याराग्लाइडिङको लागि दुई घण्टा समय तोकेरै भए पनि सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । नाका पूर्वअध्यक्ष योगेश भट्टराई प्याराग्लाइडिङको व्यवस्थापनमा सरकारले विशेष चासो दिनुपर्ने बताउनुहुन्छ । "हामीलाई पूर्वाधार मात्र होइन पूर्वाधार निर्माण पछि आउने पर्यटक पनि चाहिएको हो जसले पोखरामा आनन्द लिन सकुन र उनीहरूको बसाई पनि लम्बियोस् ।" पोखराको प्याराग्लाइडिङ उडान विश्वमै उत्कृष्ट तीनभित्र पर्ने र साहसिक पर्यटकको लागि उपयुक्त गन्तव्य भएको व्यवसायी बताउँछन् । विश्वका कतिपय देशमा जहाज उडानसँगै ' एयर स्पोर्ट्स' गतिविधि हुने गरेकाले आधुनिक प्रविधिको प्रयोग गरेर ती देशमा भएका अभ्यासको अध्ययन गरेर अनुशरण गर्न सकिने व्यवसायीको भनाइ छ । ।

प्राधिकरणले अहिलेसम्म यस विषयमा विशेष चासो राखेर व्यवसायीको आवाजलाई सम्बोधन गर्नेतर्फ नलाग्नु दुःखद् भएको उहाँको भनाइ छ । "अब कसरी जाने विकल्प के के हुन सक्छ ? विमानस्थलसँगै पोखराको आकाशमा प्याराग्लाइडिङ उडानको सम्भावना अध्ययनको रिपोर्ट के छ भन्नेबारेमा पनि स्पष्ट धारणा आएको छैन, उडान सम्भव छैन मात्र भनिएको छ", उहाँले प्राविधिक कुरा भएकाले व्यवस्थापन गर्नसके सम्भव हुने बताउनुभयो । निर्वतमान अध्यक्ष कृष्ण भण्डारीले पोखराको आकाशबाट उडान हुनुपर्ने र त्यसको प्राविधिक व्यवस्थापनसँगै दिगो पर्यटनका लागि प्राधिकरणले सोच्नुपर्ने बताउनुहुन्छ । जहाजको 'ओभर सुट मिस एप्रोज' हुँदा त्यसलाई 'राइट टर्न' नगरी 'लेफ्ट टर्न' गऱ्यो भने प्याराग्लाइडिङ पनि हुने र जहाज उडानमा थप सुरक्षा हुने भएकाले प्राधिकरणले यसलाई अवलम्बन गरेर सञ्चालन गर्न उहाँको आग्रह छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई पोखरामा भइरहेका साहसिक उडानका गतिविधि रोकिँदा पर्यटकको पोखरा बसाई पनि घट्न सक्ने बताउनुहुन्छ । अहिले पोखरामा पर्यटकको बसाई अवधि औसत दुई दिन छ । टानका प्रथम उपाध्यक्ष धर्मराज पन्थी पोखरालाई विश्वमा चिनाउने पदमार्ग मोटरेबल बाटोले विस्थापित गरायो अब प्याराग्लाइडिङ पनि विस्थापित हुने होकि भन्ने शङ्का बढ्न थाल्यो भन्नुहुन्छ ।

पोखराको आकाशमा सन् १९९६ देखि प्याराग्लाइडिङ उडान सुरु भएको हो । पहिलो पाइलट राजेश बमजन हुनुहुन्छ । सन् २००० देखि व्यावसायिकरुपमा प्याराग्लाइडिङ कम्पनी सञ्चालनमा आएका हुन् । अहिले पोखराका ६० कम्पनीमा करिब रु डेढ अर्बको लगानी छ । करिब दुई हजारले रोजगारी पाएका दाबी व्यवसायीको छ । यो व्यवसायमा करिब ३७५ पाइलट छन् ।रासस

# प्रदेश सरकारको आर्थिक सहयोगमा सोलार विद्युत् वितरण

डोटी । सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक सहयोगमा बोगटान फुड्सिल गाउँपालिका-२ स्थित केदारअखडा तथा गराजु गाउँमा सोलार विद्युत् वितरण गरिएको छ । प्रदेश सरकारको रु एक करोड ५० लाखको लगानीमा केदारअखडा तथा गराजु गाउँका नागरिकका लागि उक्त सोलार विद्युत् वितरण गरिएको हो ।

गाउँमा विद्युत् वितरण गरिएपछि वर्षौंदेखि अन्धकारमा बस्दै आएका केदारअखडा तथा गराजु गाउँका १०० घरधुरीका नागरिकलाई निकै सहज भएको गाउँपालिका अध्यक्ष कमलबहादुर गड्सिलाले बताउनुभयो ।

उहाँले भन्नुभयो, ‶गाउँमा विद्युत् नहुँदा यहाँका नागरिकलाई समस्या थियो, अहिले प्रदेश सरकारको सहयोगमा सोलार विद्युत् वितरण गरिएपछि सहज भएको छ ।'

सोलार सिष्टमबाट कूल २५ किलोवाट क्षमताको विद्युत् उत्पादन भएको स्थानीयवासी गीता केसीले जानकारी दिनुभयो । गाउँमा विद्युत् विस्तार भएपछि अहिले त्यहाँका नागरिकले राति उज्यालोका लागि सल्लाको दियालो बाल्नुपर्ने समस्याबाट मुक्ति पाउनुका साथै रातिको समयमा गाउँ झिलीमिली भएको छ ।

सोलार सिष्टमबाट गाउँमा वर्षौंपछि विद्युत् विस्तार भएपछि अहिले त्यहाँका नागरिकलाई मोबाइल फोन चार्ज गर्नदेखि लिएर टेलिभिजन हेर्न पनि सहज भएको अर्का स्थानीय हेम बमले जानकारी दिनुभयो ।रासस

# उपभोक्तालाई सहुलियतमा खानेपानी



रामपुर (पाल्पा) । रामपुर साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपभोक्तालाई खानेपानी महसुलमा सहुलियत दिने भएको छ ।

उपभोक्ताको हितलाई मध्यनजर गर्दै नयाँ आर्थिक वर्षको साउन १ गतेदेखि लागू हुने गरी छुटसहित नयाँ मूल्य निर्धारण गरिएको छ । आठ युनिटसम्म प्रतियुनिट रु १७५ (न्यूनतम रकम), नौदेखि २० युनिटसम्म पानी उपभोग गर्ने उपभोक्ताले (न्यूनतम रकम रु १७५ सहित) रु ४० प्रतियुनिट, २१ युनिटभन्दा माथि पानी उपभोग गर्नेले (न्यूनतम रकम रु १७५ सहित) रु ६३ प्रतियुनिट पानीको मूल्य कायम गरिएको आयोजनाका अध्यक्ष राजुप्रसाद श्रेष्ठले बताउनुभयो ।

"उपभोक्तालाई खानेपानीमा राहतस्वरुप नगर विकास कोषको सल्लाह अनुसार खानेपानी महसुलको दर घटाइएको छ, खानेपानीको हाहाकार रहेको रामपुरमा यस आयोजना लागू भएपश्चात् घर-घरमा स्वच्छ, गुणस्तरीय खानेपानी सुविधा पुगेको छ, उपभोक्तालाई पानीको जोहो गर्नुपर्ने समस्या सुधारका लागि हटेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो ।

यसभन्दा अगाडि न्यूनतम शुल्क रु २७५ (दश हजार लिटरसम्म पानी उपभोग गरेमा मात्र), दश हजार लिटर माथिदेखि २० हजार लिटरसम्म पानी उपभोग गर्नेले प्रतियुनिट रु ४२ र २१ हजार लिटरदेखि माथि पानी उपभोग गर्नेका लागि प्रतियुनिट रु ६३ शुल्क निर्धारण गरी पानी घर-घरमा वितरण भइरहेको कार्यालयले जनाएको छ ।

हालसम्म तीन हजार ७६४ घरधुरीले खानेपानी उपभोगका लागि नाम दर्ता गराएकामध्ये अहिले तीन हजार ३१० घरधुरीमा धारा जडान गरी पानी वितरण भइरहेको आयोजनाका व्यवस्थापक सन्तबहादुर सारु बताउनुहुन्छ ।

रामपुर नगरपालिकाका उपभोक्तलाई शुद्ध, सफा र सहुलियत खानेपानी सुविधा घर-घरमा पुऱ्याउन वडा नं ४, ५, ६ र ७ को तल्लो क्षेत्रमा आयोजनामार्फत पानीको सुविधा पुगेको छ । यस आयोजनाबाट हाल दैनिक बिहान-साँझ तीन/तीन घण्टा खानेपानी वितरण भइरहेको छ । पानी उपभोग गरेका आधारमा मिटर जाँच गरेर शुल्क लिने गरिएको छ ।

विपन्न परिवारलाई सम्बन्धित वडाको सिफारिसमा वडाले शुल्क तिर्ने गरी खानेपानी धारा जडान गरेर पानी वितरण गरिएको आयोजनाका कोषाध्यक्ष विष्णुमाया ढकाल बताउनुहुन्छ । उहाँका अनुसार पानी वितरण गर्न टाढा रहेको स्थानमा रामपुर नगरपालिकासँग समन्वय गरी पानीको सुविधा पुऱ्याइएको छ ।

नगरपालिकाको वडा नं ५ बेझाड बजारमाथि रहेको राम्चे सामुदायिक वनमा साढे चार लाख लिटरका दुई वटा ट्याङ्कीबाट पानी वितरण भइरहेको छ भने नगरको वडा नं ७ का दुई स्थान डुम्रीगाउँमा एकवटा दुई लाख लिटर र कार्कीडाँडामा एकवटा डेढ लाख लिटरका ट्याङ्की राखेर पानी वितरण गरिएको छ ।

बेझाड बजार क्षेत्रमा रहेका तीनवटै बोरिङबाट पानी चालु भइरहेको छ । डुम्रीगाउँ क्षेत्रमा रहेका तीन बोरिङमध्ये दुईवटाबाट पानी चालु अवस्थामा छ भने एकवटा रिजर्भमा छ । यस आयोजना क्षेत्रमा करिव १७० किलोमिटर विभिन्न आकारका पाइप बिच्छाइएको छ । आवश्यक ठाउँमा भल्भ, च्याम्बर, पाइप क्रसिङलगायतका अन्य संरचनाको व्यवस्था गरिएको छ ।

उपभोक्ता सदस्यता बढ्दै जाँदा र पानी वितरणको समय बढाउन राम्चे सामुदायिक वनमा दुई लाख लिटरको एक रिजर्भ ट्याङ्की, डुम्रीगाउँ क्षेत्रमा एक चार लाख लिटरका रिजर्भ ट्याङ्की निर्माण गर्ने योजना छ । जनघनत्व बढ्दै गएकाले डुम्रीगाउँ क्षेत्रमा एक डिप बोरिङ आवश्यक छ । बोरिङ प्रणालीबाट निकालिएको पानी फिल्टर गरेर उपभोक्ताको घर-घरमा पुऱ्याइएपछि पानीको हाहाकारको समस्या टरेको छ ।

यसभन्दा अघि नयाँ सदस्यताका लागि प्रतिघरधुरी २० हजार सदस्यता शुल्क निर्धारण गरिएकामा २०७८ असोज १ गतेदेखि लागू हुने गरी २२ हजार शुल्क तोकिएको छ । अहिले चालु भइरहेको आयोजनाले रामपुर नगरका करिब चार हजार घरधुरीमा धारा जडान गरी पानी वितरण गर्ने लक्ष्यअनुसार काम भइरहेको छ । बोरिङबाट पानी तानेर उपचार विधि गरेर फिल्टर गरिएको पानी घरघरमा पुऱ्याइएको छ ।

नेपाल सरकार नगर विकास कोषको सहयोगमा विसं २०६७ मा सुरु भएको आयोजना २०७३ भदौमा परीक्षणका रुपमा सफल भएपछि त्यस समयदेखि नै खानेपानी वितरण गर्न थालिएको हो । नगर विकास कोषको रु २४ करोड ५० लाखको बोलपत्र आह्वान भएकामा त्यसमा ५० प्रतिशत नेपाल सरकारको अनुदान, नगर विकास कोषको ४५ प्रतिशत ऋण सहयोग र पाँच प्रतिशत उपभोक्ताको सहयोगमा आयोजना सञ्चालन भएको हो । नगर विकास कोषसँग ४५ प्रतिशत ऋण सहयोग लिएर आयोजना सञ्चालन गरिएको छ । आयोजनाअन्तर्गत छवटा ब्लकसहित १५ समिति रहेको छ भने १३ जना कर्मचारी कार्यरत छन् ।रासस

# जलविद्युत् प्रवर्द्धनका लागि भारतीय लगानीकर्तालाई आह्वान

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलविद्युत्‌को क्षेत्रमा थप लगानी विस्तार गर्न भारतीय प्रवर्द्धकलाई स्वागत गर्न नेपाल आतुर रहेको बताउनुभएको छ ।



तीनदिने भारत भ्रमणमा रहनुभएका अध्यक्ष दाहालले आज 'फाउन्डेशन फर पब्लिक अवेयरनेस एन्ड पोलिसी' (एफपिएपि) द्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि, पूर्वाधार, सम्पर्क सञ्जाल, निर्यातजन्य लघु, साना तथा मझौला उद्योगलगायत उच्च सम्भावना भएका क्षेत्रलाई प्राथमिकतामा राखिएको बताउनुभयो । जलविद्युत् उत्पादनमा नेपालमा प्रचुर सम्भावना रहेको उल्लेख गर्दै उहाँले भारत विश्व अर्थतन्त्रको मुख्य केन्द्र बन्दै गरेको अवस्थामा विद्युतीय ऊर्जाको माग बढी रहेको बताउनुभयो । ऊर्जा क्षेत्रमा भएका द्विपक्षीय सहकार्यमार्फत दुवै देशले सामूहिक लाभ लिन सक्ने जनाउँदै उहाँले ऊर्जा सुरक्षा र हरित विकासमा नेपालको जलविद्युत् महत्वपूर्ण हुने बताउनुभयो ।

ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल र भारत गत अप्रिलमा सहमति भएको उल्लेख गर्दै उहाँले सोही आधारमा दीर्घकालीन रूपमा जलविद्युत्‌को विकास गरिने बताउनुभयो ।

नयाँ प्रसारण लाइनमार्फत अन्दरदेशीय प्रशारण लाइनको सवलीकरण गरिएको र यसबाट दुई देशबीचको ऊर्जा व्यापारको सम्भावना थप विस्तार भएको उहाँले बताउनुभयो । "नेपालबाट ३६० मेगावाट विद्युत् भारत निर्यात भइरहेको छ, यसलाई दीर्घकालीन रूपमा विस्तार गर्न चाहन्छौँ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल-भारतबीच भएको पछिल्लो समझदारीका आधारमा बङ्गलादेश, भूटान, भारत र नेपाल सम्मिलित (बिबिआइएन) मार्फत क्षेत्रीय विद्युत् व्यापारका लागि मार्ग प्रसस्त भएको छ ।"रासस

Tulsi Sanitory & Hardwere
Vat No : 300401554
Birgunj - 10, Aadarshnagar
Contact : 9855033535
Mrp Price For Tiles, Marbles, Granites & Sanitory Items
With Including VAT
Floor Tiles 600x600 @ 1660/- Box
Floor Tiles 300x300 @ 600/- Box
Floor Tiles 380x380 @ 630/- Box
Floor Tiles 600x1200 @ 1810/- Box
Wall Tiles 300x450 @ 600/- Box
Wall Tiles 250x375 @ 550/- Box
Wall Tiles 300x600 @ 795/- Box
Marble @ 1870/- Sq. Mtr.
Granite @ 2115/- Sq. Mtr.

# पार्किङको व्यवस्थापन गर्न जरुरी

अजमल मिकरानी

मलंगवा । भाडामा चल्ने साना सवारीहरुको अव्यवस्थित पार्किङले सर्लाहीको मलंगवा नगरपालिकाको मुख्य बजार क्षेत्र अस्तव्यस्त बनेको छ ।

सवारीहरुको बढ्दो चाप, कमजोर ट्राफिक व्यवस्थापन, जथाभावी पार्किङ्ग र आधा सडक छेकेर हुँदै आएको फुटपाथे व्यापारका कारण बजार क्षेत्रमा हिँड्ने पैदल यात्रुलाई समेत निकै समस्या हुँदै आएको छ ।



सडकमा पार्किङको समस्या त छदैछ, पैदल यात्रु हिँड्ने सडकको छेउमा समेत साइकल, मोटरसाइकल,जीप लगायतका सवारीसाधनहरुको जथाभावी पार्किङ, ठेलाको व्यापार आदि कारणले गर्दा असहज बनेको छ ।

सबैभन्दा बढी समस्या मलंगवा स्थित बसपार्क क्षेत्रमा देखिएको छानवलपुर-मलंगवा रुटमा चल्ने साना म्याजिक तथा टेम्पुका चालकहरु पार्किङ गर्ने स्थान नपाएर सडकको छेउमा लामबद्ध रुपमा आफ्ना सवारी पार्किङ गरेर दिनहुँजसो सडक जामको समस्या उत्पन्न गराउँदै आएका छन् । विशेषतः मलंगवा-९ स्थित बाबास्वामी मठ(मुर्ली पोखरी)देखि नेपाल बैंकसम्मको भित्रि सडकमा अहिले जथाभावी पार्किङको समस्या छ ।

सो सडक अन्तर्गत बैंक तथा पसलको लागि घर भाडामा लगाउन जानेका तर पार्किङ्गको व्यवस्था नगरेका घरधनीहरूलाई यसले कुनै प्रभाव पारेको छैन ।मलंगवा नगरपालिकाले यसको समाधानको लागि कुनै पहल गरेको छैन । सरोकारवाला निकायका पदाधिकारीहरु स्वयं पनि अव्यवस्थित सवारी पार्किङका कारण समस्यामा परिसकेका छन् । तर पनि यसको समाधानका लागि कुनै पहल गर्न सकेका छैनन् ।

बिहानदेखि राति अबेरसम्म छाडा छाडिएका पशु चौपायाहरू पनि उत्तिकै सडकमा देखिन्छन् । घरपालुवा पशु चौपायादेखि फोहरको डंगुरमा आहारा खोज्दै हिंड्ने सुंगुरहरु जथाभावी बजारमा हिंडडुल गरेको देखिन्छन् ।जसले गर्दा बजारमा पटकपटक दुर्घटनाहरु समेत भइसकेका छन् । तरपनि नगरपालिका मुकदर्शक बनेर बसेको छ ।

सडकमा व्यापार गर्नेहरु पनि उत्तिकै छन् । अझै यही क्षेत्रमा बढी सेवाग्राही आउने कार्यालय एवम् बैंक तथा वित्तीय संस्थाहरूले कार्यालय संचालन गरेपछि झन् समस्या थपिएको छ ।

मलंगवामा १ दर्जन भन्दा बढी साना ठूला बैंकहरु छन् । ती बैंकहरुमा प्रायः पार्किङ सुविधा छैन । नियमतः बैंक भाडामा बस्ने घरमा पार्किङको सुविधा हुनुपर्ने व्यवस्था भए पनि यहाँका अधिकांश बैंकहरुले सडकलाई नै पार्किङ ठान्ने गरेका छन् ।

यिनै समस्याहरुका कारण मलंगवा बजार अव्यवस्थित बन्दै गएपछि सर्वसाधरणले सास्ती भोग्दै आएका छन् ।

मलंगवा बजार यति धेरै अस्तव्यस्त बन्नुमा पार्किङ्गको असुविधा प्रमुख कारण रहेकोले सडक निर्माण र नाला सफा गरेर मात्र हुँदैन ,बजारलाई समेत कसरी व्यवस्थित बनाउन सकिन्छ त्यसतर्फ पनि नगरपालिकाको ध्यान दिन जरुरी रहेको स्थानीयको भनाइ छ ।

# चन्द्रनहरमा डुबेर एक वृद्धको मृत्यु

टुडे समाचारदाता

राजविराज। सप्तरीकोसप्तकोसी नगरपालिकास्थित चन्द्रनहरमा डुबेर शनिबार एक वृद्धको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तकोसी नगरपालिका-४ का ७० वर्षीय लक्ष्मी सदा रहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

गाई चराउन जङ्गलतर्फ जाँदै गरेको अवस्थामा चन्द्रनहर पार गर्ने क्रममा पानीमा पसेका सदा अचानक डुबेका थिए । सदा डुबेको खबर प्राप्त हुनासाथ प्रहरीले नहरको पानी बन्द गराई खोजी गर्दा चन्द्रनहरभन्दा करिब तीन किलोमिटर दक्षिण बगाएर लगेको अवस्थामा शव फेला परेको प्रहरी चौकी फत्तेपुरले जनाएको छ ।

मृतकको शवपरीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज लगिएको प्रहरीले जनाएको छ । सदा गाउँभरिका गाईवस्तु दैनिक चराउने काम गर्दै आएको स्थानीयवासीको भनाइ छ ।

# गर्मी बढेपछि पठनपाठन बन्द

टुडे समाचारदाता

वीरगञ्ज । अत्यधिक गर्मीका कारण तराईका विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा पठनपाठन बन्द हुन थालेको छ । सोही क्रममा पर्साका विभिन्न पालिकाका सामुदायिक विद्यालय बन्द गर्ने क्रम बढेको छ ।

हालसम्म वीरगञ्ज महानगरपालिकासहित पर्साका पाँच पालिकाले विद्यालयमा गर्मी बिदा दिएका छन् । वीरगञ्ज महानगरभित्रका सबै विद्यालयमा आगामी साउन १ देखि साउन २० गतेसम्म पठनपाठन बन्द हुने भएको छ । शैक्षिक क्यालेन्डरमा साउन ८ गतेदेखि वर्षे बिदा भए पनि संशोधन गरेर पठनपाठनका लागि बिदा दिइएको महानगरपालिकाको शिक्षा शाखाले जनाएको छ ।

यसैगरी पर्साको कालिकामाई गाउँपालिकाले सामुदायिक विद्यालयमा गर्मी बिदा दिएको छ । गाउँपालिका शिक्षा शाखाका अनुसार गाउँपालिकाअन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा साउन १ देखि साउन २९ गतेसम्मका लागि बिदा दिइएको हो । पोखरिया नगरपालिकालेपनि विद्यालयमा गर्मी बिदा दिएको छ । पोखरिया नगरपालिकाले गर्मी बढेपछि साउन १ देखि साउन २८ गतेसम्मका लागि बिदा दिएको हो ।

यसैगरी पकाहामैनपुर गाउँपालिकाले साउन १ देखि साउन २८ गतेसम्म सामुदायिक विद्यालयमा बिदा दिएको छ । बिन्दवासिनी गाउँपालिका विद्यालय पनि एक महिनाका लागि बन्द गरिएका छन् ।

# बढ्दो तापक्रमले सबै भताभुङ्ग

टुडे समाचारदाता

जलेश्वर । मध्य असारयता छिटो पानी नपरेपछि मधेशको मध्यभेगको महोत्तरीमा धान रोपाइँ अलपत्र परेको छ । महोत्तरीबाहेकका मधेशका अन्य जिल्लामा पनि सिञ्चित बाहेकका आकाशे पानीको भरका खेतमा पानी नभएर नै रोपाइँ रोकिएको छ ।

असार मध्ययता पानी परेको छैन । त्यसअघि परेको पानीमा धान रोप्न भनेर हिल्याइएका खेत अहिले सुकेका छन् । ब्याड पनि लगातार पानी नपाउँदा पहेँलिन थालेको महोत्तरीका किसानले बताएका छन् ।

असार सिद्धिनै लाग्दासम्म धान रोपाइँले गति लिन नसकेपछि किसान यसपालि अन्नको सङ्कट पर्ने चिन्ताले पिरोलिएका छन् । मुख्यबाली धान नै रोप्न नसकिएपछि परिवार कसरी पालन गर्ने भन्ने चिन्ताले यहाँका किसानलाई पिरोलेको छ ।

ल, भन्नोस् न, शनिबार असार त सकिने हो, पानी नभएर धान रोप्न पाइएन, के गरी गुजारा गर्ने होला ?' भङ्गाहा नगरपालिका-४ पलारका ८० वर्षीय किसान चौठी बाँतरले भने ।

मध्य असारअघिको वर्षाको पानीले एक झमट रोपाइँमा लागेका किसान त्यसयता खेतमा पानी सुकेपछि चिन्तामा परेका हुन् । असार सकिनैलाग्दा धान रोपाइँ जिल्लामा एकतिहाई नाघेको छैन ।

उता खेत सुक्दो छ, यता घरमा ज्वरो, रुघाखोकीले परिवारका मान्छे बिरामी भएर लड्दाछन,' भङ्गाहा नगरपालिका-५ कर्पुरगञ्जका किसान रामजुलुम सर्दार भन्छन, यो बढ्दो तापक्रमले सबै भताभुङ्ग पार्‍यो, न समयमा खेती सक्न पाइयो, न सञ्चोसँग बस्न ।'

जिल्लामा अहिलेसम्म ३३ प्रतिशत मात्र रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वरले नै जनाएको छ । रोपिएको पनि सुकेको छ । रोपाइँ गर्ने भनेर हिल्याइएको खेत चर्को घामले सुकेर गिखरिक्क परेको छ । रोपेको खेतमा धाँजा फाट्दै छ ।

कूल ७० हजार खेतीयोग्य जग्गामध्ये लगभग ५० हजार हेक्टर धानखेतीका लागि योग्य मानिन्छ । जिल्लाका १० प्रतिशत जग्गामा स्थायी सिँचाइको प्रबन्ध छ । बिहानैदेखि चर्कने घामको प्रचण्ड राप र सँगसँगैको तातो हावाले कृषि मजदुर काममा निस्कन छाडेका छन् ।

# जानकी मन्दिरबाट एकजना सम्पर्क विहीन

टुडे समाचारदाता

जनकपुरधाम । जानकी मन्दिरबाट एक युवा सम्पर्क विहीन भएका छन् । बुधबार आमा प्रेमा देवीसँग मन्दिर दर्शन गर्न आएका २२ वर्षीय भारतीय सोनु कुमार ठाकुर सम्पर्क विहीन भएका छन् । उनी गुरु पूर्णीमाका दिन जानकी मन्दिरबाटै सम्पर्क विहीन भएका थिए ।




सम्पर्क विहीन भएका ठाकुर भारत विहार राज्य, समस्तीपुर जिल्ला चोकमेहसी थानाका डरोरीका रहेका छन् । तर उनी बोल्न नक्सने (लाटो) र मानसिक रुपमा अस्वस्थ्य रहेको बताइएको छ । ठाकुरको परिवार तीन दिनदेखि उनको खोजी कार्य गरेपनि सम्पर्कमा आएका छैनन् । प्रहरीमा खोजीका लागि आग्रह गरेपनि प्रहरीले वास्ता नगरेको परिवारजनको आरोप छ ।

# प्रशिक्षण सम्पन्न

टुडे समाचारदाता

मलंगवा । आइ.एफ.इ.एस तथा अस्ट्रेलियन सरकारको प्राविधिक तथा स्विस सरकारको आर्थिक सहयोगमा शि लिड्स महिला नेतृत्व कार्यक्रम अन्तर्गत माण्डवी सर्लाहीद्वारा संचालित ४ दिवसीय नव निर्वाचित महिला जनप्रतिनिधिहरुको लागि दोस्रो मोड्युल अन्तर्गत प्रारम्भिक प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भएको छ ।




कबिलासी नगरपालिकाका महिला जनप्रतिनिधिहरुलाई सहभागी गराइ गत बुधबार २९ गतेदेखि ३२ गते शनिबारसम्म संचालन भएको प्रशिक्षण कार्यक्रममा सहभागी महिला जनप्रतिनिधिहरुलाई उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका, अधिकार र कर्तव्यको बारेमा जानकारी गराइएको थियो।

सहभागीहरुलाई प्रशिक्षकद्वय बनिता कार्की र समीर कुमार यादवले स्थानीय सरकारमा प्रभावकारी ढंगले निर्वाह गर्न आवश्यक पर्ने सीप र ज्ञान, राजनीतिक संवादमा सहभागी हुनको लागि आत्मबल बढाउने, लैंगिक समानता प्रवर्द्धन तथा आफ्नो समुदायका बालिका तथा महिलाहरुका लागि प्रेरणा स्रोतको रुपमा काम गर्ने,लैंगिक समानतालाई संरक्षण गर्नका लागि सहभागीहरुका समुदायमा पुरुष सहयोगीहरुको निर्माण गर्ने तथा निर्वाचित महिला जनप्रतिनिधिहरुले एकआपसमा अनुभवको आदानप्रदान र सहयोग गर्नका लागि संजालको निर्माण गर्ने लगायतका विषयमा प्रशिक्षण दिएका थिए । माण्डवीका कार्यक्रम अधिकृत मिनल श्रेष्ठको अध्यक्षता तथा कबिलासी नपाकी उपमेयर पुनम कर्णको प्रमुख आथिथ्यमा आयोजित प्रशिक्षण कार्यक्रमको समापन कार्यक्रममा बोल्दै सहभागीहरुले यसअघि आफूहरुलाई एउटा निर्वाचित जनप्रतिनिधिको रुपमा गर्नुपर्ने कार्य तथा जिम्मेवारीको बारेमा कुनै जानकारी नभएको तर यस चारदिने तालिम पश्चात् आफूहरुलाई धेरै कुराको ज्ञान भएको बताएका थिए। ।

प्रशिक्षण लिए पश्चात वडामा संचालन भइरहेका र भइसकेका विकास योजना तथा कामको अनुगमन,नियमन,प्रमाणिकरण र सिफारिस लगायतका कामहरु गर्न सक्ने क्षमताको विकास भएको सहभागी महिला सदस्यहरुले बताएका छन् । सर्लाहीको ५ वटा स्थानीय तहमा शी लिड्स' नामक अभियान मार्फत दिइएको नेतृत्व विकाश प्रशिक्षण कार्यक्रम अन्तर्गत कबिलासीसँगै जिल्लाको हरिवन र बागमती नपाका महिला जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिइसकेको र अबको केही दिन भित्रै बाँकी रहेका हरिपुर्वा र बरहथवा नपाका महिला जनप्रतिनिधिहरुलाई पनि यसै गरी प्रशिक्षण दिने,कार्यक्रम रहेको कार्यक्रम अधिकृत श्रेष्ठले जानकारी दिए ।

चार दिने कार्यक्रममा कबिलासी नपा अन्तर्गतका १० वटा वडाहरुबाट २२ जना महिला जनप्रतिनिधिहरुलाई उनीहरूको हक अधिकार र नियम कानून बारे प्रशिक्षित गराइएको थियो ।

# एक युवकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । बागमती नदीमा बेपत्ता भएका धनुषाका एक युवकको शव फेला परेको छ। शुक्रबार परिवारसंग रौतहटको नुनथर स्थित बागमती नदी किनारमा वनभोज (पिकनिक) गएका धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ५ बस्ने २० वर्षीय पारश यादव नुहाउने क्रममा नदीमा डुबेर बेपत्ता भएका थिए ।

उनको शव शनिबार बिहान फेला परेको हो। रौतहटको चन्द्रपुर नगरपालिका १ नुनथरमा शुक्रबार साँझ पौडी खेल्ने क्रममा बेपत्ता भएका यादवको रातिदेखि नै प्रहरीले खोजतलास गरको थियो।

खोजी गर्ने क्रममा बागमती सिचाई आयोजनाको ब्यारेजको ढोकामा अड्कीरहेको अवस्थामा यादवको शव भेटिएको सशस्त्र प्रहरी वेश क्याम्प सन्तपुरका प्रमुख प्रहरी नायव उपरीक्षक योगराज दाहालले जानकारी दिए ।

शवलाई सुरक्षाकर्मीले डोरीको सहायताले निकालेका थिए। शुक्रबार आफ्ना बुबाआमा सहित पिकनिक खान आएका यादव अन्य दुई जना पौडी खेल्न साझ साढे पाँच बजेतिर बागमती नदीमा छिरेका थिए। तीनजना मध्ये महाराजा जैसवार र अमर यादव पौडीएर बाहिर निस्कन सफल भएका थिए भने यादव भने नदीमा डुबेर वेपत्ता भएका थिए।

# वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

टुडे समाचारदाता

कलैया । तराईमा चर्को गर्मीसँगै मौसममा सुखापन बढ्दै गएपछि बारामा वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया सम्पन्न भएको छ ।

डिभिजन वन कार्यालय कार्यालय,सिमरा बाराले गरेको अन्तरक्रियामा डिभिजन वन अधिकृत विनोद सिँहले वनजङ्गलको महत्व दर्शाउँदै सरोकारवालाहरुलाई वन संरक्षणमा जुट्नकालागि अभिप्रेरित गर्न आग्रह गरेका थिए ।



उनले बारामा वनविनाश र कार्बन उत्सर्जन सञ्चितिको अवस्था,मौसम,वन क्षेत्र र वन व्यवस्थापन पद्धति बारे जानकारी गराएका थिए ।

बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद कटुवालले वन संरक्षण गर्ने निकायहरुलाई वन संरक्षणमा जुट्न आहवान गरे । उनले संरक्षणको क्रममा आवश्यक पर्ने शान्ति,सुरक्षा उपलब्ध गराउन आफू तयार रहेको बताए । मानव वस्ती र वन्यजन्तुबीच विवादको सन्दर्भ अवगत गराउँदै प्रमुख जिल्ला अधिकारी कटुवालले मानिस र वनजङ्गल सहितको बन्यजन्तु दुबै वातारणकोलागि अति आवश्यक रहेकाले यसको संरक्षणमा सबैले आ आफनो क्षेत्रबाट ध्यान दिनुपर्नेमा जोड दिए ।

अन्तरक्रिया कार्यक्रममा ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख मोहन प्रसाद अर्याल ,ज्वाला दल गणका प्रमुख सेनानी,भुपेन्द्र गोदार ,सशस्त्र प्रहरी बल नेपाल नं.१२ गणका सशस्त्र प्रहरी उपरिक्षक राजेन्द्र थापा , राष्ट्रिय अनुसन्धान बाराका संतोष ढुंगेल ,ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरिक्षक युवराज तिमलसिना ,साझेदारी बन उपभोक्ता महासंघ मधेशप्रदेशका अध्यक्ष गणेशजी प्रसाद साह ,फेकोफन बाराका अध्यक्ष रामजी प्रसाद बजगाँई ,सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन डिभिजन वन कार्यालय बाराका अधिकृत अनिल कुमार साहले गरेका थिए । जिल्लामा रहेको ४७ हजार १ सय ८२ हेक्टर वन क्षेत्रमा १५ हजार १ सय ९१ हेक्टर पर्सा राष्ट्रिय निकुञ्जमा पर्दछ । त्यस्तै बारामा रहेको ४ वटा समाझेदारी वन क्षेत्रले १० हजार ६ सय ८२.७९ हेक्टर र ४१ वटा रहेको सामुदायिक वन समुहले ९ हजार ६ सय ९१ .३ हेक्टर वन क्षेत्र ओगटेको छ ।

सरकारद्धारा व्यवस्थित वन १० हजार ८ सय १६.९१ हेक्टरर रहेको छ भने निजी वन क्षेत्र १ सय २५.६३ हेक्टर रहेको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

# पूर्ण खोप सुनिश्चित पालिका घोषणा

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ । शनिवार गाउँपालिकामा आयोजित एक कार्यक्रमकाबीच जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल र गाउँपालिका अध्यक्ष रामअशिष महतोले पूर्ण खोप गाउँपालिका घोषणा गरेका छन् ।



गाउँपालिका अध्यक्ष रामअशिष महतोले पालिकालाई पूर्ण खोप घोषणा गराउनमा सफल भएकोमा सम्पूर्ण स्वास्थ्यकर्मी, नागरिक समाज र जनप्रतिनिधीहरुप्रति आभार प्रकट गरेका थिए ।

उनले आगामी दिन समेत बालबालिकाहरुले पाउनुपर्ने खोपको निरन्तरता दिन निर्देशन दिए। उनले स्वास्थ्यकर्मीहरुको मनोवल उच्च गर्न प्रत्येक वडाको स्वास्थ्यचौकीमा खोपलगायतको कार्यक्रमलाई प्रोत्साहन गर्न विविध खर्चमा ५० हजार रुपैया विनियोजन जानकारी दिए।

साउन १ गतेदेखि गाउँपालिकाको स्वयमसेविकाहरुलाई मासिक ३ हजार नगद रुपैया उपलब्ध गराउने उनले बताए। अहिले स्वयम सेविकाहरुले मासिक एक हजार र ७ हजार वार्षिक रुपमा पोशाक खर्च र फिल्डमा काम गरेको दिन भत्ता पाउने गरेको छ।

जिल्ला समन्वय समिति धनुषाका सभापति मण्डलले पूर्ण खोप पालिका घोषणा हुँदैमा हामी सरोकारवालाहरु खुशीले गदगद हुनुपर्ने अवस्था नरहेको बताउँदै आगामी दिनमा समेत खोपलाई निरन्तरता दिन आग्रह गरे। उनले भने पहिले धनुषामा खोप भण्डार केन्द्र नभएर हेटौडाबाट खोप ल्याएर बाँड्नुपर्ने बाध्यता रहेकोमा अहिले जनकपुरधाममै खोप भण्डार केन्द्र स्थापना भई सकेकाले गर्दा बालबालिकाहरुलाई समयमै खोप दिन निर्देशन दिए।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख युगलकिशोर यादवले १८ पालिकामध्ये बटेश्वर गाउँपालिका सातौं स्थानमा पूर्ण खोप पालिकाको घोषणा भएकोमा खुशी व्यक्त गरे। उनले यहाँका जनप्रतिनिधि, कर्मचारी र स्वास्थ्यकर्मीहरुको अथक प्रयासमा पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएको बताए। कार्यक्रममा स्वास्थ्य कार्यालय धनुषाबाट गाउँपालिका अध्यक्ष महतो र गाउँपालिका उपाध्यक्ष सिंह, प्रमुख प्रशासकीय अधिकृत रामजी जोशी र स्वास्थ्य शाखा प्रमुख रुद्रनारायण यादवलाई प्रशंसा पत्र समेत प्रदान गरिएको थियो।

# धनुषाधाम सौन्दर्यकरण अभियानको शुभारम्भ

टुडे समाचारदाता

धनुषाधाम । धनुषाधामस्थित धनुष सागर पोखरी र धनुष मन्दिर सौन्दर्यकरण अभियान शुभारम्भ भएको छ ।

शनिबारदेखि स्थानीय युवाहरुको अगुवाइमा अभियान शुभारम्भ भएको हो ।

धनुषाधाम नगरपालिकाकी उपप्रमुख विद्यादेवी भुजेलको हातबाट हिन्दु परम्परा अनुसार पुजाअर्चना गरी अभियान शुरु गरिएको थियो ।

संचारकर्मी विनय यादवको पहलमा अभियान सञ्चालन गरिएकें छ ।

सो अवसरमा उपप्रमुख भुजेलले युवाहरुको सरसफाइ तथा सौन्दर्यकरण अभियान सराहनीय रहेको बताइन् ।




अभियानले स्थानीय वासिन्दाहरु एकदमै हर्षित छन् । मिथिला वाईल्ड लाईफ ट्रस्टका अध्यक्ष देब नारायण मण्डल अभियानमा सहभागी जनाउँदै आइतबारदेखि निरन्तर प्रत्येक दिन शारीरिक व्यायाम गर्ने समय पोखरी सरसफाइ नहुन्जेल सम्म अभियान सञ्चालन रहने बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८